का.जि.प्र.का.द.नं. १००/०५९/६०
११ असोज २०८३
आइतबार
27 September 2026
Sunday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ई-पेपर हेर्नु

वर्ष २४, अंक २४८ । पृष्ठ ६ | Madhyanha National Daily | www.madhyanhadaily.com

## सरकारको नीति

# जनसंख्या बढाउन बिदा प्रोत्साहन

राष्ट्रिय जनसंख्या नीति २०८२ ले तीन सन्तान प्रस्ट भनेको छैन । तर घट्दो प्रजनन दरलाई बढाउने नीति लिएको छ । कतिपय स्थानीय सरकारले तेस्रो सन्तान जन्माउन प्रोत्साहन गर्ने नीति र नारासँगै आर्थिक साहायताका कार्यक्रम बनाएर लागू गरिसकेका छन् ।

| | |
|---|---|
| संघ सरकार | जनसंख्या वृद्धिका लागि बिदा प्रोत्साहन |
| दोलखाको भीमेश्वर नगरपालिका | तेस्रो सन्तान जन्माए आमा र बच्चालाई १०-१० हजार |
| स्याङ्जाको कालीगण्डकी गाउँपालिका | तेस्रो सन्तान जन्माए दुई वर्षसम्म मासिक ४ हजार |
| मकवानपुरको हेटौंडा महानगरपालिका | तेस्रो सन्तान प्रोत्साहन |
| राष्ट्रिय जनसंख्या नीति २०८२ | प्रजनन दर बढाउने उद्देश्य |



"पछिल्लो जनगणनाअनुसार नेपालको जनसंख्या वृद्धिदर निरन्तर घट्दो क्रममा रहेको हुनाले जनसंख्या वृद्धिका लागि बिदा प्रोत्साहनसमेतको व्यवस्था हुने गरी कानुनमा संशोधन गर्न आवश्यक रहेको छ ।"

**निशा मेहता**
**स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री**



"आजको व्यस्त जीवनमा कामको चाप र बदलिँदो जीवनशैलीका कारण अधिकांश परिवार एक वा दुई सन्तानमै सीमित भइरहेका छन् ।"

**सोविता गौतम**
**कानुन, न्याय तथा संसदीय मामिलामन्त्री**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १० असोज

सरकारले सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक ल्याएको छ । यो विधेयक स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले ल्याएकी हुन् ।

यसको उद्देश्य नेपालको संविधानद्वारा प्रदत्त महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धी हकको सम्मान, संरक्षण र परिपूर्ति गर्नु हो । साथै जनसंख्या बढाउने सरकारको नीतिसमेत यसमा जोडिन्छ । मन्त्री मेहताले विधेयकमै लेखेकी छन्, 'नेपालको पछिल्लो जनगणनाअनुसार नेपालको जनसंख्या >>> पृष्ठ २ मा



# युवाको काँधमा कांग्रेस

## मुलसंरचनामा ३५ मुनिका ३५ हजार



"युवालाई नेतृत्वमा पुऱ्याउने वैधानिक व्यवस्थालाई हामीले यो महाधिवेशनमा व्यवहारिक प्रयोग गरेका छौं । यसले पार्टीमा युवा नेतृत्वको आधार निर्माण हुँदै जाने विश्वास छ ।"

**गुरुराज घिमिरे**
**महामन्त्री, नेपाली कांग्रेस**



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १० असोज

१५औं महाधिवेशनमा होमिएको नेपाली कांग्रेसको मूल नेतृत्व ५० वर्ष वरिपरिको छ । पार्टी सभापति गगनकुमार थापा ५० वर्ष पुगे भने उपसभापति विश्वप्रकाश शर्मा, महामन्त्री गुरुराज घिमिरे र प्रदीप पौडेलसमेत ५५ वर्षमुनिका छन् । यी नेताहरूले बनाएको विधानले यसपटकको महाधिवेशन युवामय भएको छ ।

महाधिवेशनको पूर्वसन्ध्यामा पार्टीको वडा, स्थानीय तह, प्रदेश क्षेत्र र संघीय निर्वाचन क्षेत्रको अधिवेशन सम्पन्न हुने चरणमा छ । यी अधिवेशनमा युवालाई कोटा नै छुट्याएकाले क्षेत्रीय प्रतिनिधिदेखि वडा, पालिका, प्रदेश निर्वाचन क्षेत्र र संघीय निर्वाचन क्षेत्रको संरचनामा र महाधिवेशन प्रतिनिधिसमेत गरी ३५ वर्षमुनिका ३५ हजार युवाहरू समेटिने भएका हुन् । यस महाधिवेशनमा कांग्रेसले युवा र महिलाका लागि विशेष योजना ल्याएको कांग्रेसले जनाएको छ । गत पुसको अन्तिम साता भएको विशेष महाधिवेशनबाट पार्टीको विधान परिमार्जन गर्दै युवाको प्रतिनिधित्व अनिवार्य बनाएको हो । यसले पार्टीमा युवाको उत्साह थपिएको छ । विधानमा वडा कार्यसमितिदेखि केन्द्रीय कार्यसमितिसम्म युवाको निश्चित >>> पृष्ठ २ मा

### समानान्तर अधिवेशनमा देउवा पक्ष

नेपाली कांग्रेसका निवर्तमान सभापति शेरबहादुर देउवाको समर्थनमा पूर्वमहामन्त्री डा. शशांक कोइराला समूह समानान्तर महाधिवेशनको अन्तिम तयारीमा छ । शनिबार चुनदेवीस्थित सम्पर्क कार्यालयमा पत्रकार सम्मेलन गरी वडा अधिवेशनको तयारी अन्तिम चरणमा पुगेको यो समूहले जानकारी दियो ।

समूहको क्रियाशील सदस्यता व्यवस्थापन समितिले वडा तहको अधिवेशनका लागि आवश्यक क्रियाशील सदस्यताको अन्तिम सूची निर्वाचन समितिलाई बुझाएको छ । समितिका संयोजक किरणराज पौडेलले शनिबार निर्वाचन समितिका संयोजक एगराज पोखरेललाई सूची हस्तान्तरण गरे । हस्तान्तरित सूची अनुसार, >>> पृष्ठ २ मा

# 'परिवार नियोजन' होइन, अब 'परिवार योजना'

बरु सरकारले प्रजननसम्बन्धी सरकारी दृष्टिकोणमा भाषागत परिवर्तन गर्न खोजेको छ । हाल प्रयोग हुँदै आएको 'परिवार नियोजन'को सट्टा 'परिवार योजना' शब्द प्रयोग गर्ने प्रस्ताव गरिएको छ ।

यसले सन्तानको संख्या घटाउने वा जन्म नियन्त्रण गर्ने मात्र नभई दम्पतीले आफ्नो आवश्यकता र परिस्थितिअनुसार परिवारको योजना बनाउन पाउने अवधारणालाई जोड दिन खोजेको देखिन्छ ।

प्रस्तावित विधेयकमा विपद्का बेला पनि सुरक्षित मातृत्व, आकस्मिक प्रसूति सेवा, नवजात शिशुको अत्यावश्यक >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# मलेसिया रोजगारी विवाद छिटो समाधान गरिनुपर्नेमा संघको जोड

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० असोज

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष डिकबहादुर खत्री 'कुमार'ले मलेसिया रोजगारी सम्बन्धी विवाद सकेसम्म छिटो समाधान गरिनुपर्नेमा जोड दिएका छन् । मलेसियाले विदेशी श्रमिक भर्नाका लागि नेपालका २५ वटा म्यानपावर कम्पनीलाई प्रमुख एजेन्सी र थप २५० कम्पनीलाई सहायक एजेन्सीका रूपमा सूचीकृत गरेपछि त्यसमा नेपालले गम्भीर असहमति जनाएको छ । उक्त विषय युवा, श्रम तथा रोजगार मन्त्रालय हुँदै दुई देशका प्रधानमन्त्रीको तहमा पुगेको छ ।

शनिबार रिपोर्टर्स क्लब नेपालमा भएको साक्षात्कारमा संघका अध्यक्ष खत्रीले समान हैसियतमा रहेका नेपाली म्यानपावर कम्पनीहरूलाई मलेसियाको निजी कम्पनीले आफूखुसी छनोट गरेर कसैलाई मुख्य र कसैलाई सहायक कम्पनीका रूपमा सूचीकृत गरी ठूलो संख्यामा रहेका अन्य म्यानपावर कम्पनीलाई बाहिर राखेर अन्यायपूर्ण काम गरेको भन्दै आपत्ति जनाए ।

अध्यक्ष खत्रीले यो समस्या दुई देशबीचको >>> पृष्ठ २ मा

## अनलाइन जुवा नखेल्न नेपाली दूतावासको आग्रह

**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, मलेसिया, १० असोज

मलेसियामा रहेका नेपाली नागरिकलाई अनलाइन क्यासिनो तथा विभिन्न प्रकारका अनलाइन जुवा खेलमा सहभागी नहुन क्वालालम्पुरस्थित नेपाली दूतावासले आग्रह गरेको छ ।

दूतावासले आफ्नो साप्ताहिक फेसबुक लाइभ कार्यक्रममार्फत मलेसियामा रहेका नेपालीलाई अनलाइन क्यासिनो तथा जुवाजन्य गतिविधिबारे सचेत गराउँदै त्यस्ता गतिविधिमा सहभागी नहुन अनुरोध गरेको हो । दूतावासका अनुसार मलेसियाको >>> पृष्ठ २ मा

UAE को युनियन कोप HYPERMARKET मा महिला/पुरुषहरूलाई रोजगारको अवसर




Company : Union Coop Hypermarket

पूर्व स्वीकृती मितिः २०८३/०६/१० | चलानी नं. ६०२६१६८७ | LT No.: 348433

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Confectioners | 0 | 10 | कामममा दक्ष | 1250 | ५२,१९०।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Packers | 35 | 18 | | 1000 | ४१,७५५।- | | | | | | | |
| ३. | Butcher for Shop | 49 | 0 | | 1250 | ५२,१९०।- | | | | | | | |
| ४. | Shop Sales Assistant | 0 | 44 | | 1000 | ४१,७५५।- | | | | | | | |
| ५. | Sales Merchandizer | 0 | 19 | | 1000 | ४१,७५५।- | | | | | | | |
| ६. | Ticket Controller/Attendant ticketing | 15 | 0 | | 1250 | ५२,१९०।- | | | | | | | |

Note: ♦ GCC Experience Preferred. ♦ Education SLC Pass. ♦ Good Communication in English. ♦ Product Knowledge.

यसै कम्पनीबाट Shawarma/Grill Maker, Delivery Helper, Sales Merchandiser-Cheese, Sales Merchandiser - FMCG, Sales Merchandiser-F & V, Sales Merchandiser-Bakery, Fish Manager तथा Check/Receiver हरूको पनि आवश्यकता भएकोले ईच्छुक उम्मेदवारहरूले नि:शूल्क परामर्शको लागी सम्पर्क राख्नुहोला ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६/- कामदार आफैले | रु. १,५००/- कामदार आफैले | रु. ७,००/- कामदार आफैले | नि:शुल्क |

प्रि-अन्तरवार्ता धमाधम भइरहेको छ । प्रि-अन्तरवार्तामा सफल भएकाहरूलाई मात्र फाइनल अन्तरवार्तामा सामेल गरिनेछ ।

फाइनल अन्तरवार्ता २०८३ असोज २० गते (6 Oct., 2026) बाजेको सेकुवा पोखरामा, २०८३ असोज २१ गते (7 Oct., 2026) सिद्धार्थ होटल झापा बिर्तामोडमा र २०८३ असोज २२ गते (8 Oct., 2026) एयरपोर्ट होटल काठमाडौंमा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट जराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग ताहचल काठमाडौंमा सम्पर्क राख्नुहोला ।

Job Plus Careers Overseas Pvt. Ltd.
Gov. Lic. No.: 889/067/068
Gaushala-9, Kathmandu, Tel. : 01-5913651, 5913652, 9801055523 9801355469, Pokhara : 061-590012, 9802853458, 9856060451, Butwal : 9747413029, Jhapa : 023-531316, 9801458705, Chitwan : 9705124056, Email : jobplus.careers@gmail.com

सफलताको १९ वर्ष पूरा




बैंक स्थापनाको १९ वर्ष पूरा गरी २० औं वर्ष प्रवेश गरेको शुभ अवसरमा हामीलाई निरन्तर प्रेरणा, प्रोत्साहन र मार्गदर्शन प्रदान गर्नु हुने सम्पूर्ण ग्राहक महानुभावहरु, नियामक निकाय, सञ्चारजगत, कर्मचारी लगायत शुभेच्छुक महानुभावहरुमा हार्दिक आभार एवं कृतज्ञता प्रकट गर्दछौं ।

यस शुभ अवसरमा हामी आगामी दिनमा अझ प्रतिस्पर्धी, गुणस्तरीय एवं नवीनतम् बैंकिङ्ग सेवा प्रदान गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड
'A' Class Institution Licensed by Nepal Rastra Bank

Central Office: Kamalpokhari, Kathmandu, Nepal,
+977 01-4523254, 01-4523432/3 & 01- 4523436, info@pcbl.com.np

मध्यान्ह
www.madhyanhadaily.com

११ असोज २०८३ आइतबार
27 September 2026 Sunday

## निरन्तर वर्षाले जनजीवन प्रभावित

# ६ जनाको मृत्यु, सयौं घर डुबानमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० असोज

बिहीबारबाट परेको अविरल वर्षाका कारण असोज ८ गतेदेखि देशका विभिन्न स्थानमा बाढी, पहिरो र डुवानले धनजनको क्षति भएको छ । विपद्मा परी हालसम्म बागमती प्रदेशमा २ जना, लुम्बिनी प्रदेशमा २ जना, गण्डकी प्रदेशमा १ जना र कर्णाली प्रदेशमा १ जना गरी ६ जनाको मृत्यु भएको छ ।

नेपाल प्रहरीका प्रवक्ता अविनारायाण काफ्लेका अनुसार वर्षापछिको विपद्का कारण हालसम्म ६ जनाको मानविय क्षति भएको हो । भौतिक तथा सम्पत्ति क्षतिसँगै देशभरको जनजीवन कष्टकर बनेको छ । वर्षाले पश्चित तराईमा बढी क्षति भएको छ । शनिबार सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका र हनुमाननगर कंकालिनी नगरपालिकाका १ सय ५७ घर डुबानमा परेका छन् । सप्तकोशी नदीको बाढी पसेर तिलाठी कोइलाडी गाउँपालिका-४ र ५ का १७ वटा घर डुबानमा परेका हुन् ।

घर-घरमा एक्कासि बाढी पसेपछि खाद्यान्नमा समेत क्षति पुगेको छ । बाढी घरमा पसेपछि वृद्धवृद्धा र बालबालिकालाई कोशीको पश्चिमी तटबन्धमा सुरक्षित स्थानमा राखिएको छ । बोदेबरसाइनस्थित सशस्त्र प्रहरीको बीओपीसमेत कोशीको बाढीले डुबानमा परेको छ । त्यस्तै नारायणी नदीमा आएको बाढी बस्तीमा पस्दा पश्चिम नवलपरासीको सुस्ता गाउँपालिका-५ स्थित सुस्ता बस्तीमा फसेका २९ जनाको सशस्त्र प्रहरीले उद्धार गरेको छ ।



शुक्रबार राति नै सुरक्षित स्थानमा बस्न आग्रह गरे पनि उनीहरू पशुचौपाया र घर छोडेर नहिडेपछि डुवानमा परेका थिए । बाढीले घर जलमग्न भएको र सुरक्षित स्थानसम्म आउन नसक्ने अवस्थामा रहेका २९ जनालाई खोजेर सुरक्षित ठाउँमा ल्याइएको सशस्त्र प्रहरी उपरीक्षक गोविन्दबहादुर खातीले बताए । बाढीका कारण सो क्षेत्रका दुई सयभन्दा बढी घर डुबानमा परेका छन् । शनिबार नारायणगढस्थित नारायणी नदी किनारमा बाढीको तह खतराको तह नजिक पुगेको छ । देवघाट जलमापन केन्द्रमा बाढीको तहले चेतावनीको विन्दु पार गरेर खतराको तह नजिक पुगेको देखाएको छ ।

नदीको सतह लगातार बढ्दै जाँदा शनिबार सिंगो सुस्ता बस्ती नै डुबानमा पऱ्यो । स्थानीय मन्सी कुमारका अनुसार बाढी बस्तीमा पसेपछि सयौं घरपरिवार प्रभावित भएका छन् । अघिल्लो वर्षभन्दा बाढी ठूलो आएको र सशस्त्र प्रहरीको क्याम्पसमेत डुबानमा परेको छ । सशस्त्र प्रहरीले बस्तीभित्रै डुंगा चलाएर उद्धार गर्नुपर्ने अवस्था आएको छ । यो पानीको बहाव उच्च भएपछि पूर्वी नवलपरासीको त्रिवेणीस्थित गण्डक ब्यारेजका नेपाल र भारततर्फका सबै ढोका खोलिएको छ । ब्यारेजका ३६ वटै ढोका खोलिएको पूर्वी नवलपरासीका सहायक प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी रानाले बताए । यस नदीले पूर्वी नवलपरासीको कावासोतीको अमलटारी क्षेत्रका दर्जनौं घर डुबानमा परेका छन् ।

उता कोशी नदीको बाढीमा डुबेर सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका-१३, गोबरगाढामा एक बालकको मृत्यु भएको छ । शुक्रबार हजुरआमासँग घरबाहिर निस्केका सुरेश यादवका ५ वर्षीय छोरा विवेक यादवको बाढीमा डुबेर मृत्यु भएको वडाध्यक्ष कुशेश्वर यादवले बताए । सप्तकोशीमा पानीको बहाव उच्च भएपछि कोशी ब्यारेजका ५२ र नहरको ४ वटा गरेर कुल ५६ वटा ढोकामध्ये ३६ वटा ढोका खोलीएको छ ।

लगातारको वर्षापछि चुमनुब्री-३ पैयुमा पहिरो खस्दा लार्के सडक अवरुद्ध भएको छ । जगतबाट सिर्दिवास जाने सडकमा माथिबाट ढुंगा, माटोसहितको लेदो पहिरो खसेर सडक अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालय गोरखाका डीएसपी राजकुमार श्रेष्ठले बताए । सडक अवरुद्ध भएपछि आवागमनमा समस्या भएको छ । पहिरो पन्छाएर सडक खुलाउने प्रयास भइरहेको प्रहरीले जनाएको छ । उता पोखरा मध्य भाग रामघाटमा सेती नदी थुनिएर ताल बनेको छ । अविरल वर्षसँगै सेती नदी बढेपछि रामघाटमा साँघुरो निकासका कारण ताल बन्न पुगेको हो । रामघाटमा ताल बनेपछि नदी तटीय क्षेत्रका बासिन्दालाई सचेत रहन कास्की प्रशासनले आग्रह गरेको छ । यहाँ वर्षातका बेला बर्षेनि ताल थुनिएर ताल बन्ने गर्दछ । नदी थुनिएर ताल बनेपछि नदी किनारका बस्तीहरू जोखिमा परेका छन् ।

उता साहिद लखन गाउँपालिका-४ ताक्लुङस्थित राइनस बजारनजिकै फेरि पहिरो खसेको छ । निरन्तरको पहिरोले २५ घरधुरी रहेको राइनस बजारनै उच्च जोखिममा परेको छ । पहिरो खसेको ठाउबाट राइनस बजार करिब २ सय ५० मिटरको दुरीमा रहेको छ । त्यस्तै कालीगण्डकी नदीको बहाब बढेपछि जोखिममा परेका परिवारलाई सुरक्षित स्थानमा सारिएको छ । रिडीका सात घरपरिवारलाई उनीहरूको आफन्तको घरमा राखिएको हो । रिडी बजार नजिकै लामाचौपारीमा कालीगण्डकी नदीको बहाव बढेपछि उनीहरूलाई सुरक्षित स्थानमा राखिएको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रमुख प्रहरी उपरीक्षक भीमकिरण बोगटीले जानकारी दिए ।

## १३ देशका लागि प्रस्तावित राजदूतविरुद्ध उजुरी आह्वान

**काठमाडौं/मस**–नेपाल सरकारले १३ देशका लागि राजदूत पदमा नियुक्तिका लागि सिफारिस गरेका व्यक्तिहरूको सम्बन्धमा कुनै सूचना वा उजुरी भए प्रमाणसहित पेस गर्न संसदीय सुनुवाइ समितिले आह्वान गरेको छ । समितिले सार्वजनिक गरेको सूचनामा प्रस्तावित राजदूतका सम्बन्धमा कसैलाई नियुक्तिका लागि उपयुक्त छैन भन्ने लागेमा स्पष्ट आधार तथा सबुतप्रमाणसहित रीतपूर्वक उजुरी दिन सकिने जनाएको छ । सूचना पहिलोपटक प्रकाशित भएको मितिले १० दिनभित्र संघीय संसद्को सचिवालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा उजुरी दिन सकिने व्यवस्था गरिएको संसदीय सुनुवाइ समितिले जनाएको छ ।



समितिले उजुरी गर्दा प्रस्तावित राजदूतको नाम, ठेगाना, पद तथा आफूले दिएको उजुरीको स्पष्ट आधार खुलाउन आग्रह गरेको छ । प्राप्त उजुरीमाथि आवश्यक प्रक्रिया पूरा गरी संसदीय सुनुवाइ गरिने सार्वजनिक सूचनामा जनाइएको छ ।

समितिको यही असोज ८ गतेको बैठकले सुनुवाइको प्रक्रिया सुरु गर्ने निर्णय गरेको थियो । मन्त्रिपरिषद्को असोज २ गतेको निर्णयअनुसार भारतका लागि डा निश्चलनाथ पाण्डे, चीनका लागि डा कल्याणराज शर्मा, संयुक्त राज्य अमेरिकाका लागि चिरनजंग थापा, बेलायतका लागि गौरवशमशेर जंगबहादुर राणा र जर्मनीका लागि सरू जोशीलाई राजदूतमा सिफारिस गरिएको छ ।

त्यसैगरी इजरायलका लागि सुरेशकुमार कर्ण, स्पेनका लागि प्राप्ति शेरचन, जापानका लागि जिज्ञानकुमार थापा, ओमानका लागि डा.पदमाक्षी राणा, मलेसियाका लागि चूडामणि खरेल, दक्षिण कोरियाका लागि प्राडा संगम श्रेष्ठ, श्रीलंकाका लागि डा.मंचलाकुमारी झा र साउदी अरेबियाका लागि गिरीबहादुर सुनारलाई सिफारिस गरिएको छ । संसदीय सुनुवाइपछि नियुक्तिको प्रक्रिया अघि बढ्ने समितिले जनाएको छ ।

## सडक सञ्जाल अवरुद्ध हुँदा रसुवामा खाद्यान्न अभाव, बिरामी मारमा

**रसुवा/मस**–भोटेकोशी बाढीका कारण चीनसँगको सीमावर्ती जिल्ला रसुवाको सडक सञ्जाल पूर्णरूपमा टुटेपछि स्थानीय जनजीवन कष्टकर बनेको छ । सडक यातायात ठप्प हुँदा जिल्लामा खाद्यान्न संकट गहिरिन थालेको छ भने स्थानीय कृषक र व्यवसायीहरू आर्थिक मारमा परेका छन् । बाढी गएको एक महिना बितिसक्दा यातायात सञ्चालन हुन नसक्दा रसुवागढी तथा आसपासका क्षेत्रमा दैनिक उपभोग्य सामग्रीको हाहाकार हुन थालेको स्थानीय बासिन्दाहरू बताउँछन् । लामो समयदेखि सडक अवरुद्ध हुँदा सीमावर्ती क्षेत्रका होलसेल व्यापारीहरू प्रभावित भएको रसुवा ठूलो भार्खुका व्यापारी किप्पा छिरिङ तामाङ बताउँछन् । उनका अनुसार बाढी आउनु अगाडि सहज रूपमा सामान ढुवानी हुने गरेको र बजार मूल्य सस्तो थियो ।

'सडक नहुँदा सामान ल्याउनै सकिँदैन, पाइहाले ढुवानी खर्च मात्रै प्रतिपटक रु ५० हजारभन्दा बढी लाग्ने गरेको छ । अहिलेको अवस्थामा सरकारले राहत बाँड्नुभन्दा सडक सञ्जाललाई तत्काल जोडिदिए हामी व्यापारी र आम उपभोक्ता दुवैलाई सहज हुने थियो', उनले भने । अर्का स्थानीय व्यवसायी सुन्दर श्रेष्ठको अनुभव उस्तै छ । पहिले मागअनुसार सहजै सामान भित्रिने र ढुवानी खर्च सस्तो पर्ने गरेकामा अहिले अवस्था पूर्णरूपमा बदलिएको उनी बताउँछन् । भौगोलिक रूपमा विकट यस क्षेत्रका किसानले वर्षभरिको खर्च धान्न व्यावसायिक रूपमा लगाएको बन्दाकोपी (काउली) सडक अवरुद्ध भएकै कारण बजारसम्म पुऱ्याउन सकिएको छैन । रसुवाको गतलाङमा फलेको लाखौं मूल्य बराबरका बन्दाकोपी बारीमै कुहिएको छ ।

### जनसंख्या...

वृद्धिदर निरन्तर घट्दो क्रममा रहेको हुनाले जनसंख्या वृद्धिका लागि बिदा प्रोत्साहन समेतका व्यवस्था हुने गरी कानुनमा संशोधन गर्न आवश्यक रहेको छ ।' अर्थात्, सरकारले घट्दो जनसंख्या वृद्धिदर र प्रजननदरको चुनौतीबीच सन्तान जन्माउने र हुर्काउने अभिभावकलाई बिदा र सुविधा बढाएर प्रोत्साहन गर्ने नीति अघि सारेको छ । सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन संशोधन गर्न तयार पारिएको विधेयकमा आमालाई तलबसहित ६ महिना प्रसूति बिदा र बाबुलाई ४२ दिन सुत्केरी स्याहार बिदा दिने प्रस्ताव गरिएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको वार्षिक औसत जनसंख्या वृद्धिदर ०.९२ प्रतिशतमा झरेको छ । २०६८ को जनगणनामा यस्तो वृद्धिदर १.३५ प्रतिशत थियो । अर्थात् एक दशकमा औसत वार्षिक जनसंख्या वृद्धिदर ०.४३ प्रतिशत विन्दुले घटेको छ ।

त्यससँगै नेपालको कुल प्रजननदर पनि प्रतिस्थापन तहभन्दा तल पुगेको छ । राष्ट्रिय जनगणना २०७८ सम्बन्धी प्रजननसम्बन्धी प्रतिवेदनअनुसार २०७८ मा एक महिलाले आफ्नो प्रजनन अवधिमा औसत १.९४ सन्तान जन्माउने अवस्था देखिएको छ । २०३६ मा यो दर ६.३२ थियो । यही पृष्ठभूमिमा सरकारले परिवारमा सन्तान जन्माउने निर्णयलाई सहज बनाउन मातृत्वसम्बन्धी सुविधालाई विस्तार गर्ने प्रस्ताव गरेको हो । यसअघि सरकारले राष्ट्रिय जनसंख्या नीति २०८२ ल्याएको थियो । यो नीतिले तीन सन्तान प्रस्ट भनेको छैन । तर घट्दो प्रजनन दरलाई बढाउने नीति लिएको छ । कतिपय स्थानीय सरकारले तेस्रो सन्तान जन्माउन प्रोत्साहन गर्ने नीति र नारासँगै आर्थिक सहायताका कार्यक्रम बनाएर लागू गरिसकेका छन् ।

दोलखाको भीमेश्वर नगरपालिकाले तेस्रो सन्तान जन्माउने आमालाई १० हजार र बच्चाका लागि पनि १० हजारको व्यवस्था गरेको छ । नगरपालिकाले जनसंख्या घटिरहेको र श्रमशक्ति अभाव भइरहेको कारण यस्तो कार्यक्रम ल्याएको बताएको छ । स्याङ्जाको कालीगण्डकी गाउँपालिकाले तेस्रो सन्तान जन्माउने परिवारलाई मासिक ४ हजारका दरले दुई वर्षसम्म आर्थिक सहायता दिने व्यवस्था गरेको छ । मकवानपुरको हेटौंडा महानगरपालिकाले पनि तेस्रो सन्तान प्रोत्साहन गर्ने नीति लिएको छ ।

यही बेला संघीय सरकारले पनि सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक ल्याउँदा जनसंख्या वृद्धिका लागि बिदा प्रोत्साहनको व्यवस्था गरेको हो । हाल प्रचलित कानुनमा सरकारी, गैरसरकारी तथा निजी संस्थामा कार्यरत महिलाले ९० दिन प्रसूति बिदा पाउने व्यवस्था छ । प्रस्तावित संशोधनले यसलाई बढाएर कम्तीमा ६ महिना तलबसहितको प्रसूति बिदा बनाउने व्यवस्था गरेको छ । त्यस्तै, पत्नी सुत्केरी हुने पुरुष कर्मचारीले पाउने १५ दिनको बिदालाई बढाएर ४२ दिन पारिश्रमिकसहितको सुत्केरी स्याहार बिदा बनाउने प्रस्ताव छ । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमका अनुसार प्रसुतिको समयमा अभिभावकलाई नवजात शिशु र परिवारका लागि पर्याप्त समय उपलब्ध गराउनु राज्यको जिम्मेवारी हो ।

३१ भदौमा सामाजिक सञ्जालमार्फत उनले यस्तो बताएकी हुन् ।

'आजको व्यस्त जीवनमा कामको चाप र बदलिँदो जीवनशैलीका कारण अधिकांश परिवार एक वा दुई सन्तानमै सीमित भइरहेका छन्,' उनले लेखेकी छन्, 'जीवनमा एक वा दुईपटक आउने मातृत्व र पितृत्वको यो विशेष समयमा अभिभावकलाई आफ्नो नवजात शिशु र परिवारका लागि पर्याप्त समय दिनु राज्यको जिम्मेवारी पनि हो ।' यही सोचसहित सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ संशोधन विधेयक तयार भएको उनले बताएकी हुन् । यहीँनेर उनले थपेकी छन्, 'बच्चा जन्माउनु आमासँग जोडिएको प्राकृतिक प्रक्रिया हो, तर बच्चा हुर्काउनु आमाको मात्र जिम्मेवारी होइन ।'

साथै, शनिबार र आइतबारको दुईदिने सार्वजनिक बिदा पनि कार्यान्वयनमा छ । तर सरकारले यसको उद्देश्य भने फरक रहेको बताउँदै आएको छ । वर्तमान सरकारले २०८२ चैत २३ देखि सरकारी कार्यालय र शैक्षिक संस्थामा शनिबार र आइतबार दुई दिन बिदा दिने निर्णय गरेको थियो । मन्त्रिपरिषद्ले पेट्रोलियम आपूर्तिमा उत्पन्न असहजतालाई कारण देखाउँदै उक्त व्यवस्था लागू गरेको थियो । यसरी अहिले सरकारी कार्यालयमा सातामा दुई दिन सार्वजनिक बिदा छ । त्यसबाहेक विभिन्न सार्वजनिक बिदा, वार्षिक बिदा र व्यक्तिगत बिदाको व्यवस्था छ । त्यसमाथि सरकारले सन्तान जन्माउने आमालाई ६ महिना र बाबुलाई ४२ दिनसम्मको तलबसहितको बिदा दिने प्रस्ताव अघि सारेको हो ।

तर सरकारले दुईदिने साप्ताहिक बिदालाई जनसंख्या वृद्धिको नीतिसँग जोडेको छैन ।

### परिवार...

सेवा र सुरक्षित गर्भपतन सेवालाई प्राथमिकता दिनुपर्ने व्यवस्था थप गर्न प्रस्ताव गरेको छ । आधुनिक वैज्ञानिक प्रविधिको प्रयोग गरी स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था पनि प्रस्तावित छ ।

गर्भवती महिलालाई करकाप, धम्की, ललाईफकाई वा प्रलोभनमा पारेर गर्भपतन गराउने तथा गर्भपतन गराउने नियतले गरिएको कामबाट गर्भपतन भएमा त्यसलाई बलपूर्वक गर्भपतन मान्ने गरी सजाय गर्ने व्यवस्था प्रस्तावित छ । प्रतिनिधिसभामा दर्ता भएको यो विधेयक प्रतिनिधिसभाबाट पारित भएपछि राष्ट्रिय सभामा जान्छ । राष्ट्रिय सभाले पनि पास गरेपछि फेरि प्रतिनिधिसभामा आउँछ । सभामुख हुँदै राष्ट्रपतिकहाँ पुग्छ । राष्ट्रपतिले प्रमाणीकरण गरेपछि ऐनका रूपमा कार्यान्वयनमा आउनेछ ।

### युवाको...

प्रतिनिधित्व सुनिश्चित गरिएसँगै ३५ वर्षमुनिका करिब ३५ हजार युवाहरू अधिवेशनबाट पार्टी संरचनामा सहभागी हुनेछन् ।

नेपाली कांग्रेसको चालु विधानबमोजिम प्रत्येक वडाबाट ३५ वर्षमुनिका एक महिलासहित तीन जना युवालाई प्रतिनिधि बनाउनुपर्ने अनिवार्य व्यवस्था छ । त्यस्तै, वडा कार्यसमितिमा एक जना ३५ वर्षमुनिका युवालाई सहभागी गराउनुपर्नेछ ।

यसरी हेर्दा ६ हजार ७४३ वडाबाट न्यूनतम चार जना पार्टी संरचनामा आउँदा २६ हजार ९७२ जनाको सहभागिता रहनेछ । नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाका वडाहरूमा एक जना युवा थपिनेछन् । त्यस्तै, २५० जनाभन्दा बढी क्रियाशील सदस्यता रहेका वडाहरूमा एक जना थप युवा क्षेत्रीय प्रतिनिधि हुन पाउनेछन् । कोटाबाहेक पनि ३५ वर्ष उमेर समूहका युवाहरू वडा तथा पालिकास्तरीय संरचनामा आएका छन् । यसले युवा प्रतिनिधिको संख्या थपिने नेपाली कांग्रेस निर्वाचन समितिले जनाएको छ । समग्रमा पार्टीका विभिन्न संरचनामा रहेर काम गर्ने ३५ वर्षमुनिका ३५ हजार युवाहरूले काम गर्ने अवसर पाउनेछन् ।

कांग्रेस प्रवक्ता देवराज चालिसेले सुधारिएको कांग्रेसमा नयाँ ऊर्जासहित युवापुस्ताको अनिवार्य व्यवस्थापनले युवा आकर्षण बढेको बताए । 'हामीले यसपटक विधानमै वडा कार्यसमितिदेखि केन्द्रीय कार्यसमितिसम्म अनिवार्य युवा आरक्षणको व्यवस्था गरेका छौं,' उनले भने, 'यसले पार्टीमा नवयुवाको आकर्षण बढेको छ । १५औं महाधिवेशनबाट ३५ वर्षमुनिका करिब ३५ हजार युवा पार्टीको नेतृत्वदायी संरचनामा आरक्षित रूपमा प्रवेश गर्दैछन् ।' कांग्रेसले ३५ वर्षमुनिका युवाहरूलाई विभिन्न तहमा कोटा नै तोकेर प्राथमिकतामा राखी सहभागिताको ग्यारेन्टी गरेको उनको भनाइ छ ।

नेपाली कांग्रेसको विधान २०१७ मा एघारौं पटक संशोधन गरी युवा प्रतिनिधित्व सुनिश्चित गरिएको हो । परिवर्तित विधानमा कांग्रेसको गाउँपालिका वडा कार्यसमितिमा ३५ वर्षमुनिको एक युवा अनिवार्य हुने व्यवस्था गरिएको छ । त्यस्तै, नगर/उपमहानगर/महानगरपालिका वडा कार्यसमितिमा ३५ वर्षमुनिका दुई युवा अनिवार्य हुने व्यवस्था गरिएको छ । गाउँपालिकाका वडाबाट जाने क्षेत्रीय प्रतिनिधिमा तीन युवा र नगर/उपमहानगर/महानगरपालिका वडा क्षेत्रबाट जाने क्षेत्रीय प्रतिनिधिमा एक महिलासहित तीन युवा अनिवार्य हुने व्यवस्था गरिएको छ ।

गाउँपालिका कार्यसमितिमा एक महिलासहित ३५ वर्षमुनिका तीन जना युवा, नगर/उपमहानगर/महानगरपालिका कार्यसमितिमा एक महिलासहित ३५ वर्षमुनिका तीन जना युवा, प्रदेशसभा क्षेत्रीय कार्यसमितिमा ३५ वर्षमुनिका एक युवा र प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिमा ३५ वर्षमुनिका एक महिलासहित दुई जनाको अनिवार्य प्रतिनिधित्व हुने व्यवस्था विधानमा गरिएको छ ।

४६० गाउँपालिकाका कार्यसमितिमा एक हजार ३८० युवा अटाउने छन् । २७६ नगरपालिकाका कार्यसमितिमा ८२८ युवा अटाउने छन् । ११ उपमहानगरपालिका कार्यसमितिमा ३३ युवा र ६ महानगर कार्यसमितिमा १८ युवा समेटिएका छन् । ३३० प्रदेशसभा क्षेत्रीय कार्यसमितिमा ३३० जना र १६५ प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिमा ३३० जना युवाहरू समावेश हुने निश्चित भएको छ ।

त्यस्तै, १६५ निर्वाचन क्षेत्रबाट एउटा निर्वाचन क्षेत्रबाट एक महिलासहित तीन जनाका दरले महाधिवेशन प्रतिनिधि छानिँदा ४९५ जना युवा महाधिवेशन प्रतिनिधि छानिएर आउने छन् । प्रत्येक प्रतिनिधिसभा क्षेत्रबाट एक महासमिति सदस्य युवा छान्नुपर्ने अनिवार्य व्यवस्था राखिएकाले १६५ महासमिति सदस्य पनि युवा हुनेछन् ।

प्रत्येक जिल्ला कार्यसमितिमा ३५ वर्षमुनिका युवामध्येबाट एक महिलासहित तीन जना प्रत्यक्ष निर्वाचित गर्ने व्यवस्था विधानमा राखिएकाले ७७ जिल्ला कार्यसमितिमा २३१ युवा समावेश हुने निश्चित छ ।

त्यस्तै, पार्टीको प्रदेश कार्यसमितिमा ३५ वर्षमुनिका युवा दुई महिलासहित सात जना अनिवार्य राख्नुपर्ने व्यवस्था भएकाले सातवटा प्रदेश कार्यसमितिमा ४९ युवा अटाउने छन् । केन्द्रीय कार्यसमितिमा ३५ वर्षमुनिका युवा महाधिवेशन प्रतिनिधिहरू मात्र उम्मेदवार हुने गरी प्रत्येक प्रदेशबाट एक महिलासहित दुई जना र खुला सात जना गरी २१ जना सदस्य निर्वाचित गर्ने व्यवस्था विधानमा गरिएको छ ।

विधान र व्यावहारिक हिसाबले हेर्दा पनि अहिले नेपाली कांग्रेस पार्टी स्वाभाविक रूपमा चार पुस्ताका मानिसहरूको संयोजनमा स्थापित छ । ६५ देखि ८० वर्ष उमेर समूहको पहिलो पुस्ता, ५० देखि ६५ वर्षको दोस्रो पुस्ता, ३५ देखि ५० वर्षको तेस्रो पुस्ता र १८ देखि ३५ वर्ष उमेर समूहको चौथो पुस्ता कांग्रेसमा छन् ।

विधानमा गरिएको यो व्यवस्थाले पार्टीमा अघि सारिएको पुस्तान्तरणको नीतिलाई व्यावहारिक प्रयोग गरिएको महामन्त्री गुरुराज घिमिरेले बताए । 'पार्टीमा नेतृत्व हस्तान्तरण गर्दै युवालाई नेतृत्वमा पुऱ्याउने वैधानिक व्यवस्थालाई हामीले यो महाधिवेशनमा व्यावहारिक प्रयोग गरेका छौं । यसले पार्टीमा युवाहरूले नेतृत्व लिने आधार निर्माण हुँदै जाने विश्वास छ,' उनले भने ।

कांग्रेसले महिला, दलित, जनजाति, पिछडिएको क्षेत्र, खसआर्यसहित अन्य क्षेत्रलाई यसअघि विधानमै व्यवस्था गरेर आरक्षण दिएको थियो । यसपटक युवालाई आरक्षण दिएको हो ।

१५औं महाधिवेशनपूर्व चालु अधिवेशनका कार्यक्रमहरू अविरल वर्षापछिको सम्भावित जोखिमलाई हेरेर असोज १२ गतेसम्मका लागि बन्द गरिएको छ । पूर्वनिर्धारित कार्यतालिकाअनुसार असोज १० गते हुने अधिवेशनहरू असोज १३ गतेका लागि सारिएको नेपाली कांग्रेस केन्द्रीय निर्वाचन समितिले जनाएको छ ।

यी अधिवेशन सम्पन्न भएलगत्तै असोज १६ गतेदेखि केन्द्रीय महाधिवेशन गर्नका लागि आवश्यक तयारीका कामहरू भइरहेका छन् । महाधिवेशन उद्घाटनका लागि खुलामञ्चमा र निर्वाचन कार्यक्रम, भोजनलगायत आवश्यक व्यवस्थापन प्रयोजनका लागि भृकुटीमण्डप र राष्ट्रिय सभागृहका हल तथा प्राङ्गण बुकिङ गरिसकेको छ । केन्द्रीय महाधिवेशनपश्चात् जिल्ला र प्रदेशको अधिवेशन गर्ने नेपाली कांग्रेसको केन्द्रीय निर्वाचन समितिका सदस्य सचिव राजु कटुवालले बताए ।

### समानान्तर...

देशभर कुल ८ लाख ८९ हजार २३६ क्रियाशील सदस्य कायम भएका छन् । यसमध्ये ५ लाख ६१ हजार २६९ सदस्यको सदस्यता नवीकरण गरिएको छ भने २ लाख ९० हजार ४६७ नयाँ क्रियाशील सदस्य थपिएका छन् । यो समूहले सदस्यता वितरणका लागि नयाँ वेबसाइट समेत शनिबारबाटै सञ्चालनमा ल्याएको छ । छुटेका व्यक्तिले असोज १५ गतेभित्र क्रियाशील सदस्यता प्राप्त गर्न सक्ने व्यवस्था मिलाएको नेता नेता प्रकाशशरण महतले बताए ।

आफूहरूले असोज १५ गतेबाटै वडा अधिवेशन सुरु गर्न लागेको बताए । उनका अनुसार केन्द्रीय महाधिवेशन मंसिर २१ देखि २३ गते काठमाडौंमा हुँदै छ । उनले भने, 'हामीले एकताको महाधिवेशनका लागि प्रयास गरेका थियौं तर सबै ढोका खुला राखेर प्रयास गर्दा पनि सम्भव नभएपछि छोटो समयमै अधिवेशन सम्पन्न गर्नुपर्ने अवस्था आयो ।' १५औं महाधिवेशन तयारी समितिका संयोजक डा.शशांक कोइरालाले आफूहरूले गर्न लागेको महाधिवेशन महत्त्वपूर्ण भएको दाबी गरे । समानान्तर महाधिवेशनको तयारीबारे जानकारी दिन सम्पर्क कार्यालय चुनदेवीमा आयोजित कार्यक्रममा उनले भने, 'यो एउटा हाम्रो लागि एउटा परीक्षाको समय पनि हो । अधिवेशनले भविष्यको बाटो देखाउँछ । त्यसैले यो अधिवेशन अत्यन्त महत्त्वपूर्ण हो । यसलाई हामीले अत्यन्त गम्भीरतापूर्वक सोचेर हामी बढेका छौं ।' उनले आफूहरू सबैलाई साथ लिएर हिँड्न चाहेको बताए । यो समुले पनि युवालाई प्राथमिकता दिने नीति लिएको छ ।

यो समुहले समानान्तर अधिवेशन तयारीका लागि यस अघि नै मधेश प्रदेशबाहेक ६ प्रदेशका जिल्लामा संयोजक र सहसंयोजक खटाइसकेको छ । सुदूरपश्चिम प्रदेशमा बाजुरामा धनराज पण्डित, बझाङमा हर्क जङ्गबहादुर सिंह, डोटीमा नरेन्द्रबहादुर सिंह, दार्चुलामा सुरेन्द्र अवस्थी, बैतडीमा वीरबहादुर विष्ट, डडेल्धुरामा डिल्लीराज जोशी, कञ्चनपुरमा पदम बोगटी र कैलालीमा खेमबहादुर डगौरा थारुलाई संयोजक तथा रामसम्भव रानालाई सहसंयोजक तोकिएको छ । अछाममा भने संयोजक तोकिएको छैन ।

वाग्मती प्रदेशमा दोलखामा ताराकुमार खड्का र जयराम श्रेष्ठलाई सहसंयोजक, रामेछापमा जीतबहादुर मगर, रसुवामा उपेन्द्र लम्साल, धादिङमा गोपाल विक, नुवाकोटमा श्रीराम श्रेष्ठ, सिन्धुपाल्चोकमा लालकाजी तामाङ, चितवनमा मिलन श्रेष्ठ, मकवानपुरमा भीम लामा, भक्तपुरमा दुर्लभ थापा, ललितपुरमा सुदर्शन घिमिरे र काठमाडौंमा जयकृष्ण महर्जनलाई जिम्मेवारी दिइएको छ । सिन्धुली र काभ्रेमा संयोजक तोक्न बाँकी छ ।

गण्डकी प्रदेशमा गोरखामा भुगोल थापा, लमजुङमा रामकृष्ण कँडेल, कास्कीमा ऋषीराम काफ्ले, मनाङमा नाचोड गुरुङ, पर्वतमा रामकृष्ण मल्ल, म्याग्दीमा हिराबहादुर पुन मगर, बागलुङमा सागर छन्त्याल र नवलपुरमा अशोक बस्ताकोटीलाई संयोजक तोकिएको छ । तनहुँ, मुस्ताङ र स्याङ्जाको विवरण सार्वजनिक गरिएको छैन ।

लुम्बिनी प्रदेशमा नवलपरासीमा विकास घिमिरे, रुपन्देहीमा गुनाखर भुर्तेल, कपिलवस्तुमा अब्दुल मन्नान खाँ र खुर्सेद अहमद खाँ, पाल्पामा माधव नेपाल, अर्घाखाँचीमा लक्ष्मण पाण्डे, गुल्मीमा वेदबहादुर थापा, रोल्पामा मानबहादुर खत्री, प्युठानमा ईश्वरीसिंह विष्ट, दाङमा गोपालराज शर्मा, बाँकेमा कृष्ण काकी र बर्दियामा जगतप्रसाद पाण्डेलाई संयोजकको जिम्मेवारी दिइएको छ । कर्णाली प्रदेशमा डोल्पामा देउप्रसाद बुढा, जुम्लामा हेम बुढाथापा, मुगुमा कर्ण रावल, हुम्लामा सूर्यबहादुर शाही, कालिकोटमा मातृका सिंह, जाजरकोटमा राजजंग शाह, दैलेखमा मीनबहादुर विश्वकर्मा (मिलन) र सुर्खेतमा ललित भट्टराईलाई संयोजक तोकिएको छ । रुकुम पश्चिम र सल्यानमा संयोजक तोकिएको छैन । कोशी प्रदेशका पाँचथरमा डेकेन्द्रकुमार तामाङ, झापामा कृष्ण हुमागाईं, संखुवासभामा रामकुमार जीसी, भोजपुरमा धर्मराज राई, मोरङमा सुभाष पौडेल, खोटाङमा रोजन राई, ओखलढुंगामा बालगोविन्द राजभण्डारी र उदयपुरमा बसन्त बस्नेतलाई संयोजक तोकिएको छ । मोरङमा विनायक पन्त र उदयपुरमा गोविन्द चाम्लिङलाई सहसंयोजकको जिम्मेवारी दिइएको छ । कोशीका ताप्लेजुङ, इलाम, तेह्रथुम, धनकुटा, सुनसरी र सोलुखुम्बुमा संयोजक तोक्न बाँकी छ ।

### मलेसिया...

कूटनीतिक तथा द्विपक्षीय संयन्त्रमार्फत सकेसम्म छिटो समाधान गर्नुपर्नेमा जोड दिए । प्रधानमन्त्री वालेन्द्र शाह र मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिमबीच भएको टेलिफोन संवादलाई संघले सकारात्मक रूपमा लिएको भन्दै संयुक्त कार्यदलका माध्यमबाट मलेसियाको रोजगारीलाई सुरक्षित बनाउनुपर्ने अध्यक्ष खत्रीले बताए ।

नेपाल र मलेसियाका प्रधानमन्त्री तहको संवादपछि दुवै देशका श्रममन्त्रीबीच छलफल गरी नेपाली श्रमिकको भर्ना प्रक्रियालाई पारदर्शी, प्रतिस्पर्धी र शोषणमुक्त बनाउने विषयमा सहमति भएको थियो । त्यस विषयमा मलेसियाका मानव संसाधन मन्त्री रामानन् रामाकृष्णनले पनि सहमति जनाएका छन् ।
वैदेशिक रोजगार विभागले मलेसियाको प्रणालीमा सूचीकृत म्यानपावर कम्पनीको मागपत्रको पूर्वस्वीकृति रोकेरस्पष्टीकरणसमेत मागिसकेको छ । संघका अध्यक्ष खत्रीले नेपाली श्रमिकले विदेशमा कमाएर पठाउने रेमिट्यान्सले मुलुकको अर्थतन्त्र चलायमान बनाउन महत्वपूर्ण योगदान गरिरहेको अवस्थामा उनीहरूको हकहित संरक्षणका लागि संघले अभियान सञ्चालन गरिरहेको बताए ।

अध्यक्ष खत्रीले भने, 'वैदेशिक रोजगारको क्षेत्रलाई सम्मानित र व्यवस्थित बनाई श्रमिकको हकहित सुनिश्चित गर्न सके मात्रै वैदेशिक रोजगार व्यवसाय पनि सम्मानित बन्न सक्नेछ ।' उनले मलेसिया सिन्डिकेट अन्त्यका अतिरिक्त वैदेशिक रोजगारीमा जाने श्रमिकबाट लिइने सेवा शुल्कका बारेमा नेपाल सरकारले व्यवहारिक रूपमा स्पष्टसँग सेवा शुल्क निर्धारण गर्नुपर्नेमा जोड दिए । रिपोर्टर्स नेपालका अध्यक्ष ऋषि धमलाको सभापतित्वमा कार्यक्रम भएको थियो ।

### अनलाइन...

कानुनअनुसार अनुमति नलिइ सञ्चालन गरिने विभिन्न प्रकारका जुवा तथा अनलाइन सट्टेबाजीसम्बन्धी गतिविधि गैरकानुनी हुन सक्छन् । त्यसैले नेपाली नागरिकले अनलाइन क्यासिनो खेल्ने मात्र नभई त्यस्ता गतिविधि सञ्चालन, प्रचारप्रसार वा अरुलाई खेलाउने कार्यबाट समेत टाढा रहनुपर्ने दूतावासले जनाएको छ ।

मलेसियामा अवैध अनलाइन जुवा तथा सट्टेबाजी नियन्त्रणका लागि प्रहरीले नियमित रूपमा कारबाही गर्दै आएको छ ।

दूतावासले मलेसियामा रोजगारी तथा अन्य प्रयोजनका लागि रहेका नेपालीले स्थानीय कानुनको पूर्ण पालना गर्नुपर्नेमा जोड दिँदै क्षणिक मनोरञ्जन वा आर्थिक लाभको लोभमा कानुनी समस्या निम्त्याउने गतिविधिमा संलग्न नहुन आग्रह गरेको छ ।

दूतावासले नेपाली नागरिकलाई कुनै पनि अनलाइन क्यासिनो, जुवा वा सट्टेबाजीसम्बन्धी गतिविधिमा संलग्न हुनुअघि त्यसको कानुनी अवस्था बुझ्न र शंकास्पद गतिविधिबाट टाढा रहनसमेत अनुरोध गरेको छ ।

# स्वदेश फर्किए प्रधानमन्त्री शाह

## अन्तर्राष्ट्रिय मञ्चमा नेपालको छवि र प्रतिष्ठा बढेको परराष्ट्रको दाबी

**काठमाडौं/मस–** प्रधानमन्त्री वालेन्द्र शाह (बालेन) संयुक्त राष्ट्रसंघको ८१औं महासभामा सहभागी स्वदेश फर्किएका छन्। प्रधानमन्त्री शाह केहीबेर मात्रै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेका हुन्।

महासभामा सहभागी हुन उनी गत मंगलबार साँझ अमेरिका प्रस्थान गरेका थिए। प्रधानमन्त्री शाहले ८ असोजमा संयुक्त राष्ट्रसंघको महासभालाई सम्बोधन गरेका थिए। महासभामा सहभागिता पूरा गरेर उनी आज स्वदेश फर्किएका हुन्।



अमेरिका भ्रमणका क्रममा प्रधानमन्त्री शाहले शुक्रबार महासभालाई सम्बोधन गरेका थिए। सम्बोधनका क्रममा उनले जलवायु परिवर्तनलाई गम्भीरतापूर्वक लिन विश्व समुदायसँग आग्रह गरेका थिए।

जलवायु परिवर्तनका कारण नेपालजस्ता मुलुकले भोगिरहेको विनाश र त्यसको जिम्मेवारी विश्व समुदायले लिनुपर्ने विषय उठाउँदै उनले 'हिमालयको सुनामी' ले निम्त्याएको विनाशलाई विश्वसामु प्रस्तुत गरेका थिए। जलवायु संकटलाई बेवास्ता गरिए मानव सभ्यताले ठूलो मूल्य चुकाउनुपर्ने चेतावनी उनले दिएका थिए।

यसैबीच प्रधानमन्त्री शाहले संयुक्त राष्ट्रसंघको ८१औं महासभामा सम्बोधन तथा महासभाअन्तर्गतका कार्यक्रममा नेपालको सक्रिय सहभागिताले अन्तरराष्ट्रिय मञ्चमा नेपालको छवि एवं प्रतिष्ठा अभिवृद्धि भएको बताइएको छ।

उनको भ्रमणबारे त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा जानकारी दिँदै परराष्ट्र मन्त्रालयका निमित्त सचिव गणेशप्रसाद ढकालले महासभामा नेपालको सक्रिय सहभागिताले अन्तरर्राष्ट्रिय मञ्चमा मुलुकको प्रतिष्ठा अभिवृद्धि भएको बताए।

# बाढीले डुबायो सुस्ताको बस्ती चार सय बढी सुरक्षित स्थानमा

**बिनोद निगम/मध्यान्ह**
नवलपरासी, १० असोज

लगातारको वर्षासँगै नारायणी नदी उर्लिएपछि पश्चिम नवलपरासीको सुस्ता गाउँपालिका-५ मा बाढीले त्राससँगै पीडा थपेको छ। नदीको पानी बस्तीमा पसेपछि थारुटोल, सैनीटोल र बङ्का टोलका करिब दुई सय घर बाढीको जोखिममा परेका छन्। घरहरू डुबानमा परेपछि स्थानीयवासी आफ्ना बालबालिका,वृद्धवृद्धा र घरायसी सामान जोगाउँदै सुरक्षित स्थानतर्फ सर्न बाध्य भएका छन्।

शुक्रबार थारुटोलबाट बस्तीमा पस्न थालेको बाढी शनिबारसम्म सैनीटोल र बङ्का टोलतर्फ फैलिएको छ। पानीको सतह निरन्तर बढ्दै गएपछि कतिपय परिवारले घर छाडेका छन् भने कतिपय घरभित्रै पानी पस्दा खाद्यान्न,लत्ताकपडा र अन्य सामान जोगाउनसमेत मुस्किल परेको छ। बाढीले घर मात्र होइन, वर्षभरको मेहनतमा लगाएको खेतीबालीसमेत डुबाएको छ।

इलाका प्रहरी कार्यालय सुस्ताका अनुसार बाढी प्रभावित करिब दुई सय घरधुरीका वृद्धवृद्धा, महिला तथा बालबालिकासहित चार सयभन्दा बढीलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ। बाढीको त्रास बढेसँगै नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना उद्धारमा परिचालन भएका छन्।



शनिबार बिहान सशस्त्र प्रहरी बल, नेपाल बीओपी सुस्ताबाट उद्धार टोली परिचालन गरिएको थियो। सशस्त्र प्रहरी निरीक्षक मनोज कार्कीको कमान्डमा खटिएको २१ जनाको टोलीले थारुटोलबाट बाढीमा फसेका २५ जना स्थानीयवासीसहित एक गाई र १३ वटा बाख्राको उद्धार गरेको सशस्त्र प्रहरी उपरीक्षक गोविन्दबहादुर खातीले जानकारी दिए।

बाढीबाट उद्धार गरिएका स्थानीयवासी र पशुचौपायालाई ट्र्याक्टरमार्फत सुस्ता-५ स्थित होल्डिङ सेन्टरमा स्थानान्तरण गरिएको छ। नदीको बहाव अझै बढ्न सक्ने सम्भावना रहेकाले थप जोखिममा परेकाको उद्धारका लागि सुरक्षा टोली तयारी अवस्थामा राखिएको खातीले बताए।

स्थानीयवासीका अनुसार नारायणीको बहाव बढेसँगै नदीको धार बस्तीको दिशातर्फ सोझिएको छ। नदीमा बालुवा थुप्रिँदै जानु, धार परिवर्तन हुनु र अधुरो तटबन्धका कारण सुस्ताका बासिन्दाले हरेक वर्ष बाढी र कटानको पीडा खेप्दै आउनुपरेको छ।

सुस्ताको संवेदनशील क्षेत्रमा करिब १३२ मिटर तटबन्ध निर्माण अझै पूरा हुन सकेको छैन। स्थानीयवासीका अनुसार अधुरो तटबन्धकै कारण नदीको धार बस्ती नजिक पुगेको छ। पानीको बहाव बढ्नासाथ नदीले बस्ती पस्ने बाटो पाउने गरेको उनीहरूको भनाइ छ।

बाढीले यसपटक पनि घरबस्ती मात्र होइन, किसानको खेतबारी र उखु बालीमा समेत क्षति पुर्‍याएको छ। वर्षभरको मेहनत र आम्दानीको आशामा लगाइएको बाली पानीमा डुबेपछि किसानहरू निराश बनेका छन्। एकातिर घर जोगाउने चिन्ता छ भने अर्कोतिर खेतमा डुबेको बाली र भविष्यको गुजाराको चिन्ताले स्थानीयवासीलाई थप पीडा दिएको छ।

नारायणीको बहाव उच्च भएपछि गण्डक ब्यारेजको वाल्मीकिनगर क्षेत्रमा समेत सतर्कता बढाइएको छ। नदीको बहाव बढ्दो क्रममा रहेकाले सुस्तासहित नारायणी नदीको तल्लो तटीय क्षेत्रमा रहेका बस्तीमा थप जोखिम बढेको छ। बाढीबाट विस्थापित परिवारलाई तत्काल सुरक्षित आवास, खानेपानी, खाद्यान्न र स्वास्थ्य सेवाको आवश्यकता देखिएको छ। घर छाडेर सुरक्षित स्थानमा पुगेका परिवारका लागि अबको चुनौती रात कटाउनेदेखि दैनिक गुजारा चलाउनेसम्मको बनेको छ।

जिल्ला प्रशासन तथा सुरक्षा निकायले सुस्ताको अवस्थालाई निरन्तर निगरानीमा राख्दै जोखिममा रहेका परिवारलाई सुरक्षित स्थानमा सार्न आवश्यक जनशक्ति तथा उद्धार सामग्री तयारी अवस्थामा राखेको जनाएको छ। सशस्त्र प्रहरी उपरीक्षक खातीका अनुसार नदीको बहाव र बस्तीको अवस्थालाई निरन्तर निगरानीमा राखेर आवश्यकता अनुसार थप उद्धार तथा स्थानान्तरण गरिनेछ।

# त्रिशूली पुन:उत्थानमा जुट्दै युवा उद्धार र राहतमा श्रेष्ठको सक्रियता

**अन्जान गुभाजु/मध्यान्ह**
नुवाकोट, १० असोज

गत भदौ १० गते त्रिशूली नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित नुवाकोट, रसुवा र धादिङका तटीय क्षेत्रको जनजीवन अझै सामान्य बन्न सकेको छैन। बाढीले बेत्रावती, ढुंगे, त्रिशूली र देवीघाटलगायतका बस्ती तथा व्यावसायिक बजारमा व्यापक क्षति पुर्‍याएपछि हाल प्रभावित क्षेत्रमा राहत, उद्धार र पुन:स्थापनाको काम तीव्र पारिएको छ।

प्रभावित क्षेत्रमा राहत, उद्धार र पुन:स्थापनाको काममा स्थानीय र बाहिरका हजारौं युवाहरु सक्रिय छन्। यस्तै स्थानीय सक्रिय युवामध्यो एक हुन् - विदुर नगरपालिका-१ त्रिशूलीका महेन्द्र



श्रेष्ठ। बाढीका कारण आफ्नै घर, व्यवसाय र आफन्तजन प्रभावित भएको कठिन परिस्थितिमा पनि श्रेष्ठ स्थानीयस्तरमा राहत व्यवस्थापन, क्षति विवरण संकलन र सूचना प्रवाहमा अग्रपंक्तिमा खटिइरहेका छन्।

बाढीलगत्तै प्रभावित परिवारलाई खाद्यान्न तथा अत्यावश्यक सामग्री वितरणमा समन्वय गर्नुका साथै श्रेष्ठले सामाजिक सञ्जालमार्फत बजारको वास्तविक अवस्था सार्वजनिक गरी सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदै आएका छन्। साथै, बाढीले थुपारेको भग्नावशेष हटाउन आवश्यक पर्ने जेसिभी, डोजरजस्ता भारी उपकरण र इन्धनको व्यवस्थापनमा पनि उनले पहलकदमी लिएका छन्।

विपद्का बेला नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनाबाट भएको उद्धार कार्य प्रशंसनीय रहेको उल्लेख गर्दै श्रेष्ठले पुन:स्थापनामा सहयोग पुर्‍याउने सरकारी निकाय, संघ-संस्था तथा देश-विदेशमा रहेका सहयोगीहरूप्रति आभार व्यक्त गरे।

हाल स्थानीय तहको समन्वयमा बजार क्षेत्रको सरसफाइ तथा भग्नावशेष हटाउने काम अघि बढिरहेको छ। स्थानीयवासीका अनुसार त्रिशूली बजारलाई पूर्ववत् अवस्थामा फर्काउन कुनै एक व्यक्तिको प्रयास मात्र पर्याप्त नहुने भएकाले सरकारी निकाय, सुरक्षाकर्मी, सामाजिक संस्था र आम नागरिकको सामूहिक सहकार्य आवश्यक रहेको छ।

# गाँजासहित युवक पक्राउ

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १० असोज

रौतहटको यमुनामाई गाउँपालिकाबाट प्रहरीले ठूलो परिमाणमा लागूऔषध गाँजासहित एक युवकलाई पक्राउ गरेको छ।

अस्थायी प्रहरी पोष्ट बमनहरको प्रहरी टोलीले जाँचका क्रममा ५ किलो २५० ग्राम गाँजा, भारतीय नम्बर प्लेटको मोटरसाइकल र त्यसका चालकलाई नियन्त्रणमा लिएको हो।

पक्राउ पर्नेमा दुर्गाभगवती गाउँपालिका-१, पिपरा टोल निवासी रामबिनोद साहका करिब २६ वर्षीय छोरा पुजन साह रहेका छन्।



शंकास्पद अवस्थामा भेटिएपछि चेकजाँच

प्रहरीका अनुसार शनिबार अपराह्न करिब १ बजे यमुनामाई गाउँपालिका-४ स्थित सरुअठाबाट झुलुङ्गे पुलतर्फ जाने सडकखण्डमा बीआर ३० टी ५०९१ नम्बरको ग्ल्यामर मोटरसाइकल रोकी राखिएको अवस्थामा फेला परेको थियो।

उक्त स्थानमा गस्तीमा रहेको अस्थायी प्रहरी पोष्ट बमनहरका प्रहरी सहायक निरीक्षक सञ्जीवकुमार सिंहको कमान्डमा रहेको प्रहरी टोलीलाई देखेपछि चालकले शंकास्पद गतिविधि गरेको प्रहरीले जनाएको छ। त्यसपछि प्रहरीले मोटरसाइकल चालकको खानतलासी तथा चेकजाँच गरेको थियो। खानतलासीका क्रममा चालक पुजन साहले बोकेको कालो रङको झोलाभित्र प्लास्टिकमा पोका पारेर राखिएको अवस्थामा कुल ५ किलो २५० ग्राम लागूऔषध गाँजा फेला परेको प्रहरीले जनाएको छ।

गाँजा बरामद भएपछि प्रहरीले ओसारपसारमा प्रयोग गरिएको बीआर ३० टी ५०९१ नम्बरको मोटरसाइकलसहित साहलाई तत्काल नियन्त्रणमा लिएको थियो। नियन्त्रणमा लिइएका साहलाई बरामद गाँजा र मोटरसाइकलसहित आवश्यक कानुनी कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय रौतहट पठाइएको छ। जिल्ला प्रहरी कार्यालय रौतहटका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक बसन्त गौतमले घटनाको पुष्टि गर्दै पक्राउ परेका साहविरुद्ध लागूऔषध नियन्त्रण ऐनअन्तर्गत मुद्दा दर्ता गरी थप अनुसन्धान भइरहेको जानकारी दिए।

प्रहरीले गाँजा कहाँबाट ल्याइएको र कहाँ लैजान लागिएको थियो भन्ने विषयमा समेत अनुसन्धान गरिरहेको जनाएको छ।

# बुद्धभूमि कपिलवस्तु सेवा समाज कतारको चौथो अधिवेशन सम्पन्न

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १० असोज

बुद्धभूमि कपिलवस्तु सेवा समाज कतारको चौथो अधिवेशन सम्पन्न भएको छ। समाजका अध्यक्ष विवश बेल्वासेको अध्यक्षता तथा लुम्बिनी प्रदेश समन्वय परिषद् कतारका अध्यक्ष साजन लौडारीको प्रमुख आतिथ्यतामा अधिवेशन सम्पन्न भएको हो।



अधिवेशनको बन्द सत्रबाट श्रीधर पौडेलको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत निर्वाचित भएको छ। अधिवेशनबाट निर्वाचित कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा राजेन्द्र भुसाल, उपाध्यक्षमा यादव खनाल, महिला उपाध्यक्षमा सरस्वती भट्टराई, महासचिवमा सुधीर विक्रम जिसी, सचिवमा लक्ष्मण पोखरेल, सहसचिवमा देवबहादुर भर, कोषाध्यक्षमा परशुराम खनाल र सह कोषाध्यक्षमा रामचन्द्र पौडेल चयन भएका छन्।

त्यस्तै सदस्यमा गीता खनाल, लक्ष्मी केसी, भेषराज बेल्वासे, विष्णु बेल्वासे, खुमानन्द बेल्वासे, छविलाल बेल्वासे, भीमार्जन पौडेल र प्रदीप भुसाल चयन भएका छन्। निर्वाचित कार्यसमितिका पदाधिकारी तथा सदस्यलाई कुलबहादुर केसीले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए। अधिवेशनमा समाजका सचिव सुधीर जिसीले ४२ महिनाको कार्य प्रगति विवरण प्रस्तुत गरेका थिए। कार्य प्रगति विवरणमा कतारमा रहेका कपिलवस्तुवासी तथा नेपाली समुदायले भोग्दै आएका विभिन्न समस्या समाधानमा समाजले गरेको पहल, कतारस्थित विभिन्न संघसंस्थासँगको सहकार्य तथा समन्वयका गतिविधि समेटिएका थिए।

त्यस्तै कपिलवस्तु जिल्लामा शिक्षा तथा स्वास्थ्य क्षेत्रमा गरिएको सहयोग, विपद् तथा आपत्कालीन अवस्थामा प्रदान गरिएको सहयोगलगायत विभिन्न सामाजिक तथा मानवीय सेवाका गतिविधिको विवरणसमेत प्रस्तुत गरिएको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि लौडारीले प्रवासमा रहेर पनि आफ्नो जन्मभूमि, समुदाय र समाजप्रतिको जिम्मेवारीलाई निरन्तरता दिनुपर्ने बताए। उनले कपिलवस्तुवासीबीचको एकता, सहकार्य र सामाजिक सेवामार्फत समुदायलाई थप मजबुत बनाउनुपर्नेमा जोड दिए। सामाजिक संस्था साझा उद्देश्यका लागि काम गर्ने माध्यम भएकाले व्यक्तिगत स्वार्थभन्दा संस्थाको हितलाई प्राथमिकता दिनुपर्ने बताउँदै लौडारीले प्रवासमा रहेका नेपालीले एक अर्काको सुख दु:खमा साथ दिँदै सामाजिक उत्तरदायित्वलाई निरन्तरता दिनुपर्ने धारणा राखे।

सभाध्यक्ष बेल्वासेले समाजले स्थापना कालदेखि नै सामाजिक एकता, आपसी सहयोग र सेवामूलक गतिविधिलाई प्राथमिकता दिँदै आएको बताए। उनले आगामी दिनमा पनि समुदायको हित र सामाजिक सेवाका गतिविधिलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्दै त्यसका लागि सबैको साथ, सहयोग र सहकार्य आवश्यक रहेको बताए।

कार्यक्रममा समाजका वरिष्ठ उपाध्यक्ष तथा कार्यक्रम संयोजक राजेन्द्र भुसालले शुभकामना मन्तव्य राखेका थिए। उनले संस्थालाई थप व्यवस्थित र प्रभावकारी बनाउँदै सामाजिक सेवाका गतिविधिलाई विस्तार गर्नुपर्नेमा जोड दिए। कार्यक्रमको सहजीकरण महासचिव श्रीधर पौडेलले गरेका थिए। अधिवेशनमा कतारमा रहेका कपिलवस्तुवासी, समाजका पदाधिकारी, सदस्य तथा विभिन्न सङ्घसंस्थाका प्रतिनिधिको सहभागिता सहित शुभकामना मन्तव्य रहेको थियो।

अधिवेशनको खुला सत्रमा विभिन्न कलाकारको सांगीतिक प्रस्तुति दिएका थिए। नगद पारिश्रमिक सहित कलाकार र पत्रकारलाई सम्मान गरिएको थियो। निवर्तमान कार्यसमिति, समाजका संस्थापक समिति, लुम्बिनी प्रदेशअन्तर्गतका सम्पूर्ण जिल्ला संस्था तथा कतारमा रहेका सातै प्रदेशका परिषद्लाई सम्मान गरिएको थियो।

# पाल्पाली समाज रिरासको साधारण सभा

**काठमाडौं/मस–** रिडी राम्दी पाल्पाली समाज (रिरास)को १८औं वार्षिक साधारण सभा सम्पन्न भएको छ। समाजका अध्यक्ष रामप्रसाद घिमिरेको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि तथा समाजका संस्थापक अध्यक्ष यज्ञप्रसाद बस्यालले पाल्पालीहरूबीच भ्रातृत्व र सद्भाव कायम गर्दै आपसी भाइचाराको प्रवर्धन तथा सामाजिक मूल्य-मान्यतामा आधारित समाज निर्माण गर्नुपर्नेमा जोड दिए।

उनले काठमाडौंमा बसोबास गर्ने पाल्पालीहरूलाई समाजमा जोड्दै आफ्नो आम्दानीको १० प्रतिशत रकम सामाजिक कार्यमा छुट्याउन सुझाव दिए। समाजले पाल्पा जिल्लाको आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, शैक्षिक, कृषि, वातावरण तथा पर्यटनलगायतका क्षेत्रमा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको




उनले बताए। कार्यक्रमका विशिष्ट अतिथि एवं पूर्व प्रतिनिधिसभा सदस्य ठाकुर गैरेले समाजले गर्दै आएका हरेक क्रियाकलाप प्रशंसनीय रहेको बताउँदै समाजका हरेक गतिविधिमा आफ्नो निरन्तर साथ र सहयोग रहने प्रतिबद्धता व्यक्त गरे।

सभामा अध्यक्ष घिमिरेले आगामी फागुनमा पाल्पामा स्वास्थ्य शिविर, शैक्षिक कार्यक्रमलगायत विविध गतिविधिसहितको महोत्सव आयोजना गर्ने लक्ष्य रहेको जानकारी दिए। त्यसका लागि साधारण सभापछि सम्भाव्यता अध्ययन तथा छलफल गरी कार्यक्रमको रूपरेखा तयार गरिने उनले बताए।

सभामा कोषाध्यक्ष शिवप्रसाद गैरेले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए। सो अवसरमा एसईईमा उत्कृष्ट अंक ल्याउने विद्यार्थीहरूलाई सम्मान गरिएको थियो। साथै, समाजको आजीवन सदस्यता लिएका सदस्यहरूलाई आजीवन सदस्यताको प्रमाणपत्र प्रदान गरिएको थियो।

कार्यक्रममा सुरेन्द्र ढकाल प्रतिष्ठानका सुरेन्द्र ढकाल, सहज फाउन्डेसनका अध्यक्ष हरिकृष्ण बास्कोटा, समाजका सल्लाहकार रुद्रनाथ बस्याल तथा निवर्तमान अध्यक्ष सेमन्तमणि खरालले मन्तव्य राखेका थिए। समाजका सहसचिव शिव कोइरालाको स्वागत मन्तव्यबाट सुरु भएको कार्यक्रमको सहजीकरण सचिव पीताम्बर बस्यालले गरेका थिए।

विभिन्न पेसा तथा रोजगारीका सिलसिलामा पाल्पाबाट काठमाडौं आएर बसोबास गर्ने पाल्पालीहरूबीच आपसी सहयोग र भ्रातृत्वको विकास गर्ने उद्देश्यले २०६५ सालमा स्थापना भएको रिडी राम्दी पाल्पाली समाजले काठमाडौं तथा पाल्पामा छात्रवृत्ति, स्वास्थ्य शिविर, समाज कल्याणका विभिन्न कार्यक्रम तथा जनचेतनामूलक गतिविधि सञ्चालन गर्दै आएको छ।

# दृढ इच्छाशक्तिले सफल बनेकी रोजिका

**मध्यान्ह संवाददाता**
काठमाडौं, १० असोज

एकपटक एउटा सपना पूरा भएपछि धेरै मानिसहरू त्यहीँ रोकिन्छन्। तर, रोजिका पोखरेलले भने एकपछि अर्को गर्दै अनेकौं सपनाहरू साकार पार्ने बाटो रोजिन्। कम उमेरमै 'मिस टिन नेपाल २०१७' को उपाधि जित्न सफल रोजिकाले अहिले टेलिभिजन प्रस्तोता तथा व्यावसायिक उद्घोषकको पहिचान बनाएकी छन्।

पहिलोपटक 'मिस टिन नेपाल २०१७' को उपाधि जितेपछि राष्ट्रिय चर्चामा आएकी रोजिकाको आत्मविश्वास, उत्कृष्ट सञ्चार क्षमता र मञ्चको उपस्थितिले सबैको ध्यान खिचेको थियो। सुन्दरी प्रतियोगितामै सीमित नभई उनले यो सफलतालाई मिडिया र सार्वजनिक सञ्चार क्षेत्रमा स्थापित गराइन्।

नेपाल टेलिभिजनमा उनले सुन्दरी प्रतियोगितामा आधारित कार्यक्रम 'ब्युटी पेजेन्ट जर्नी' सञ्चालन गरिन्। पछि, नेपाल स्काउटको 'माई स्काउट नेपाली' मार्फत उनले युवा नेतृत्व, अनुशासन, शिक्षा र सामुदायिक सहभागितालाई अगाडि बढाइन्। हाल उनी नेपालको फेसन,



ग्ल्यामर र मनोरञ्जन उद्योगमा आधारित कार्यक्रम 'द ग्ल्यामर शो' मा सक्रिय छन्।

उनले ठूला कन्सर्ट, कर्पोरेट कार्यक्रम, पुरस्कार वितरण समारोह, सांस्कृतिक उत्सव र राष्ट्रिय स्तरका सार्वजनिक कार्यक्रमहरू सञ्चालन गरिसकेकी छन्। हालै'अभिजीत भट्टाचार्य लाइभ इन नेपाल' कार्यक्रमको सञ्चालन गरिन्। त्यससँगै नेपाली मनोरञ्जन क्षेत्रमा उनको उपस्थिति अझ बलियो बनेको छ।

मिडिया क्षेत्रबाहेक रोजिकाले आफ्नो अध्ययन र व्यक्तित्व विकासलाई समेत प्राथमिकता दिँदै आएकी छन्। उनले मानव व्यवहार, नेतृत्व, कार्यस्थल विकास र सांगठनिक वृद्धिमा केन्द्रित 'इन्डस्ट्रियल एन्ड अर्गनाइजेशनल साइकोलोजी' (औद्योगिक तथा सांगठनिक मनोविज्ञान) मा स्नातकोत्तर तहसम्मको अध्ययन पूरा गरेकी हुन्।

एक वर्षभन्दा बढी समय उनले अमेरिकी विश्वविद्यालयको नेपाल प्रतिनिधिको रूपमा काम गर्दै विद्यार्थीहरूलाई अन्तर्राष्ट्रिय शैक्षिक अवसर र विश्वव्यापी अनुभव प्राप्त गर्न सहयोग गरिन्। यसका साथै, उनले युवा सशक्तीकरण, बालिका शिक्षा र आत्मविश्वास अभिवृद्धिका पहलहरूमा ध्यान केन्द्रित गर्दै वक्तृत्वकला तथा व्यक्तित्व विकासका तालिमहरू समेत सञ्चालन गर्दै आएकी छन्।

रोजिका पछिल्लो पटक सौन्दर्य क्षेत्रमा उद्यमीका रूपमा प्रवेश गरेकी छन्। अन्तर्राष्ट्रिय बजारबाट कस्मेटिक्स तथा ब्युटी प्रोडक्ट्स आयात गरी उनले थोक (होलसेल) सौन्दर्य व्यवसाय सञ्चालन गरिरहेकी छन्। ब्रान्डिङ, मिडिया र उपभोक्ता व्यवहारसम्बन्धी उनको ज्ञानले यो उद्योगमा समेत विशिष्ट पहिचान बनाउन सफल भएकी छन्।

आज रोजिका पोखरेल नेपाली महिलाहरूको नयाँ पुस्ताको प्रतिनिधि बनेकी छन्, जसले मिडिया, शिक्षा, उद्यमशीलता र नेतृत्वलाई सफलतापूर्वक जोड्न सकेकी छन्।

मध्यान्ह
www.madhyanhadaily.com
११ असोज २०८३ आइतबार
27 September 2026 Sunday

सम्पादकीय

## अब परिणामको पर्खाइ

प्रधानमन्त्री वालेन्द्र शाह न्युयोर्क भ्रमण सकेर स्वदेश फर्किएका छन् । संयुक्त राष्ट्रसंघको ८१औं महासभामा सहभागी भएर फर्किएका शाहको यो भ्रमण सामान्य कूटनीतिक भ्रमणभन्दा केही फरक रह्यो । जेनजी आन्दोलनबाट राष्ट्रिय राजनीतिमा उदाएका र त्यसैको जनादेशमा प्रधानमन्त्री बनेका शाहलाई नेपालभित्र मात्र होइन, अन्तर्राष्ट्रिय समुदायले समेत चासोका साथ हेरिरहेका छन् । यसलाई समत ख्याल गरेर शाहले महासभामा सम्बोधन गरे । शनिवार प्रधानमन्त्री शाह स्वदेश फर्किएलगत्तै परराष्ट्र मन्त्रालयले त्रिभुवन विमानस्थलमा पत्रकार सम्मेलन गऱ्यो । परराष्ट्र मन्त्रालयका निमित्त सचिव गणेशप्रसाद ढकालले महासभामा नेपालको सक्रिय र सफल सहभागिता रहेको निष्कर्ष सुनाए । अन्तर्राष्ट्रिय मञ्चमा नेपालको छवि एवं प्रतिष्ठा वृद्धि गरेको परराष्ट्र मन्त्रालयले जारी गरेको विज्ञप्तिमा पनि उल्लेख छ । भ्रमणका क्रममा प्रधानमन्त्री साहले राष्ट्रसंघका महासचिव एन्टोनियो गुटरेससँग उच्चस्तरीय भेटवार्ता गरे । उक्त भेटमा गुटरेसले भोटेकोशी बाढीबाट भएको जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै जलवायु संकटविरूद्धको लडाइँमा राष्ट्रसंघ नेपालको साथमा रहेको प्रतिबद्धता जनाए ।

न्युयोर्कमा रहँदा शाहले उच्चस्तरीय भेट र महासभामा सम्बोधन गर्दा रसुवा बाढीपछिको नेपालको संकट सुनाए । भोटेकोशी त्रिशुली बाढीलाई नेपालको मात्रै विपत्ति नभनेर हिमालय क्षेत्रमा बढ्दो जलवायु जोखिमको चेतावनीका रूपमा प्रस्तुत गरे । नेपालले विश्वको हरितगृह ग्यास उत्सर्जनमा ०.१ प्रतिशतभन्दा कम योगदान गरे पनि जलवायु परिवर्तनको ठुलो मूल्य चुकाइरहेको तथ्य राखे । 'हामीले यो संकट सिर्जना गरेका होइनौं, तर यसको ठूलो मूल्य तिरिरहेका छौं' भन्ने प्रधानमन्त्री शाहको अभिव्यक्तिले जलवायु न्यायको मागभन्दा जिम्मेवारी र क्षतिपूर्तिको प्रश्न ज्यादा दर्शाउँछ । शाहको अर्को एउटा अभिव्यक्तिले संसारको ध्यान तानेको छ । त्यो हो, युद्धका लागि हतियार आपूर्ति प्रणाली चुस्त हुने तर खाद्यान्न, मल र इन्धनका लागि कमजोर हुने विश्व व्यवस्थाको विरोधाभासमाथिको प्रश्न । यो विषय नेपालको मात्र नभई दक्षिण एसियाका कमजोर अर्थतन्त्रको साझा समस्या हो । साथै, शाहले 'हिमालयन क्लाइमेट रेसिलेन्स मेकानिजम' स्थापना गर्न विश्व मञ्चमा प्रस्ताव गरेका छन् । नेपाल, भारत र चीनबीच हिमालय जलवायु उत्थानशीलता संयन्त्र बनाउने प्रस्ताव राखेका छन् । हिमालयलाई प्रतिस्पर्धाको भूगोलभन्दा सहकार्यको प्रयोगशाला बनाउने उनको प्रस्ताव अब कूटनीतिक पहलमा परिणत हुनुपर्नेछ ।

समग्रमा प्रधानमन्त्री शाहको न्युयोर्क भ्रमण व्यवहार र अभिव्यक्ति दुवैमा स्मरणीय रह्यो । काठमाडौं छाड्दा परम्परागत जस्तो बिदाइ समारोह, रेड कार्पेट वा सैनिक सम्मान भएन । नियमित कतार एयरवेजको उडानबाट न्युयोर्क गए । महासभा सम्बोधन गर्दा स्पष्ट एजेन्डा राखे । यी सबै कुराले प्रधानमन्त्रीको भ्रमणलाई स्मरणीय बनाएको छ । तर कूटनीतिक सफलता भाषणको तालीमा होइन, त्यसपछि हुने पहल र परिणाममा मापन हुन्छ । न्युयोर्कमा शाहले उठाएका प्रश्नहरू नीति, स्रोत, सम्झौता र कार्यान्वयनमा देखियोस् । नेपाल, भारत र चीनसँग प्रस्तावित संयन्त्र बनोस् । भोटेकोशी त्रिशूली पुनर्निर्माणमा अन्तर्राष्ट्रिय सहयोग जुटोस् । किसानले मल र नागरिकले ग्यास सहज रूपमा पाउन सकून् ।

# बजेट, लेखापरीक्षण र बेरुजुको बेथिति

सरकारी बजेट विनियोजनदेखि खर्च प्रणाली, आन्तरिक तथा अन्तिम लेखापरीक्षण र बेरुजुका विविध आयाम प्रस्तुत गर्दै लेखले नेपालको आर्थिक प्रशासनका बेथिति उजागर गरेको छ । बेरुजुलाई सही ढंगले नबुझ्नु, आलेप र मलेप प्रक्रियामा हुने मिलेमतो, अनुचित लाभ र संस्थागत भ्रष्टाचारका कारण बेरुजुको ग्राफ चुलिँदै गएको वास्तविकतालाई यहाँ सूक्ष्म रूपमा विश्लेषण गरिएको छ ।

अग्रलेख



● केशर सिंह माझी

राज्यले प्रत्येक वर्ष आय र व्ययको अनुमानित विवरण संसदमा पेश गरी पारित गर्ने संवैधानिक परम्परा छ । यसरी पेश गरिने बजेटमा आन्तरिक स्रोत परिचालनबाट प्राप्त हुन सक्ने अनुमानित आम्दानी तथा बाह्य सहयोग र अनुदानबाट प्राप्त हुन सक्ने आयका स्रोतहरूको लेखाजोखा गरिन्छ । आम्दानी हुने रकमलाई के-कसरूपमा र कुन कार्यविधि अपनाएर खर्च गर्ने भन्ने विषयमा निश्चित सिद्धान्त र मापदण्ड बनाइएको हुन्छ । नेपालको संवैधानिक व्यवस्थाअनुसार राष्ट्रपतिद्वारा सङ्घीय संसदको संयुक्त बैठकमा सरकारको वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत भएपछि जेठ १५ गते सङ्घीय संसदमा अर्थमन्त्रीले बजेट पेश गर्छन् । त्यसैगरी प्रदेश सरकारहरूले असार १ गते प्रदेश सभामा र स्थानीय पालिकाहरूले असार १० गते आफ्ना सभाहरूमा वार्षिक आय-व्यय विवरण पेश गर्नुपर्ने अनिवार्य कानुनी व्यवस्था छ । बजेट पारित भएपछि कानुनबमोजिम विनियोजित रकम खर्च गर्ने अख्तियारी व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका, विभिन्न मन्त्रालय, विभाग, आयोग र कार्यालयका तोकिएका पदाधिकारीहरूमा प्रत्यायोजन गरिन्छ ।

सरकारी कोषको रकम खर्च गर्ने अख्तियारी प्राप्त भएपछि त्यसलाई प्रचलित कानुनबमोजिम व्यवस्थित हिसाब-किताब राख्ने पाटोलाई आर्थिक प्रशासन वा लेखा प्रशासन भनिन्छ । विगतमा प्रत्येक कार्यालयमा भुक्तानी केन्द्र रहने प्रणाली थियो । हाल भने जिल्ला र प्रदेश तहमा लेखासम्बन्धी कार्यहरू सम्बन्धित कार्यालयले नै राख्ने तर खर्च, निकासा, आन्तरिक लेखापरीक्षण र नियन्त्रणका कामहरू एकीकृत कोष सञ्चालन प्रणालीमार्फत कोष तथा लेखा नियन्त्रक कार्यालयबाट मात्र भुक्तानी हुने कम्प्युटर प्रणाली लागू गरिएको छ । देशभरीको कोषको अवस्थाबारे तत्काल जानकारी आवश्यक परेमा केन्द्रीय लेखा राख्ने दायित्व महालेखा नियन्त्रक कार्यालयले सम्हाल्दै आएको छ ।




**बजेटको सिलिङ र आर्थिक प्रशासनको सुरुवात**

संसदबाट वार्षिक बजेट पारित भएपछि सरकारी रकम खर्च गर्न पाउने निकायहरूलाई साधारण र पुँजीगत खर्चका विभिन्न शीर्षकमा अनुमानित खर्चको फेहरिस्त अर्थात् बजेट सिलिङ प्राप्त हुन्छ । अख्तियारी प्राप्त भएपछि कार्यालय सञ्चालन, कर्मचारीको तलब-भत्ता र विकास निर्माणका कार्यमा खर्च गर्नका लागि कार्यालयहरूले बिल-भर्पाईसहितका प्रमाणहरू सङ्कलन गर्छन् । गोश्वारा भौचरमा प्रविष्टि गराएर भुक्तानी आदेश तयार गरी कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाइन्छ । सो कार्यालयले जाँचबुझ गरी रीत पुगेको पाइएमा भुक्तानी चेक वा सोझै खातामा रकम पठाउने व्यवस्था गर्दछ ।

जब कार्यालयमा बजेटको सिलिङ पुग्छ र रकम खर्च गर्ने प्रक्रिया आरम्भ हुन्छ, ठिक त्यही बिन्दुबाट नियमित र अनियमित खर्चका शृङ्खलाहरू पनि सुरु हुन्छन् । आर्थिक प्रशासनलाई अनुशासित बनाउन मन्त्रालयको हकमा सचिव र अन्य निकायमा कार्यालय प्रमुखलाई लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी दिइएको हुन्छ । तर, कार्यालय प्रमुखहरू दैनिक प्रशासनिक कार्य, सेवा प्रवाह र कर्मचारी व्यवस्थापनमा व्यस्त रहनुपर्ने भएकाले लेखाको मुख्य काम महालेखा नियन्त्रक कार्यालय मातहतका लेखापाल वा लेखा अधिकृतहरूले नै सम्हाल्ने गर्छन् । आम्दानी-खर्चको विवरण राख्ने, भौचर उठाउने, चेक काट्ने र अन्तिममा लेखापरीक्षण गराउने सम्पूर्ण दायित्व व्यावहारिक रूपमा लेखा शाखाकै काँधमा हुन्छ ।

**आन्तरिक र अन्तिम लेखापरीक्षणको संयन्त्र**

उपलब्ध स्रोत र साधनलाई नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यताका आधारमा प्रयोग गर्दै आर्थिक प्रशासनलाई पारदर्शी बनाउन लेखापरीक्षण गरिन्छ । नेपालको सरकारी क्षेत्रमा दुई प्रकारका लेखापरीक्षणको व्यवस्था छ । आन्तरिक लेखापरीक्षण निरन्तर रूपमा कोष तथा लेखा नियन्त्रक कार्यालयहरूबाट गरिन्छ भने अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट खटिने टोलीले गर्ने गर्दछ ।

सरकारी रकम खर्च गर्दा तोकिएको सीमाभित्र रहेर खर्च भए-नभएको, प्रचलित नियम-कानुनको रीत पुगेको वा नपुगेको, आवश्यक कागजात र प्रमाणहरू संलग्न भए-नभएको तथा तोकिएको अधिकार र जिम्मेवारीभित्र रहेर काम भए-नभएको सूक्ष्म रूपमा जाँच गरिन्छ । नियमसङ्गत तरिकाले खर्च नभएको वा आर्थिक अनुशासन पालना नभएको पाइएमा लेखापरीक्षकहरूले त्यसलाई कैफियतका रूपमा औंल्याउने गर्छन् ।

**बेरुजुको परिभाषा र यसका वर्गीकरणहरू**

लेखापरीक्षणका क्रममा कानुन, सिद्धान्त वा तोकिएको मापदण्डविपरीत देखिएको र रुजु हुन नसकेको आर्थिक कारोबार नै बेरुजु हो । सरल भाषामा भन्दा रीत नपुऱ्याई वा नियमभन्दा बाहिर गएर गरिएको जुनसुकै खर्च बेरुजुको दायरामा पर्छ । कतिपय निकाय र पदाधिकारीहरूले बेरुजुको सामान्य अर्थ नबुझेर यसलाई बेरोजो वा बेरोजी भन्ने गरेको पनि पाइन्छ ।

आर्थिक कार्यविधि ऐनअनुसार बेरुजुलाई तीन वर्गमा विभाजन गरिएको छ । पहिलो असुल गर्नुपर्ने बेरुजु हो, जुन नियमविपरीत वा बढी भुक्तानी भएकाले सम्बन्धित पक्षबाट असुलउपर गरी राजस्व खातामा दाखिला गर्नुपर्छ । दोस्रो नियमित गर्नुपर्ने बेरुजु हो, जसमा काम त भएको हुन्छ तर आवश्यक कागजात, प्रक्रिया वा स्वीकृतिको प्रमाण नपुगेकाले पछि प्रक्रिया पुऱ्याएर फछ्र्यौट गर्नुपर्छ । तेस्रो पेश्की बेरुजु हो, जुन काम छिटो सम्पादन गर्न अग्रिम रूपमा लिइएको हुन्छ तर तोकिएको समयभित्र बिल-भर्पाई पेश गरी फछ्र्यौट नगरिँदा कायम हुन पुग्छ ।

**स्थानीय तहमा व्याप्त भ्रम र गैरजिम्मेवार सोच**

नेपालमा सङ्घीयता लागू भएपछि स्थानीय तहहरूमा बेरुजुको परिमाण अस्वाभाविक रूपमा बढेको छ । यसै सन्दर्भमा कतिपय पालिकाका पदाधिकारीहरूले अत्यन्तै भ्रमपूर्ण र गैरजिम्मेवार तर्क गर्ने गरेको सुनिन्छ । महालेखाले औंल्याएको बेरुजु रकम चालू आर्थिक वर्षको विनियोजित बजेटबाट कट्टा गरेर तिर्नुपर्ने भएकाले नयाँ विकास निर्माणका काम गर्न नसकिएको भन्ने अभिव्यक्ति उनीहरू दिने गर्छन् ।

यस्तो भनाइले बेरुजुसम्बन्धी कानुनी प्रावधानको ठाडो धज्जी उडाउँछ । बेरुजु भनेको पालिकाको बजेटबाट किस्ताबन्दीमा तिर्दै जाने रकम होइन। जसको लापरवाही, बदनियत वा निर्णयका कारण सरकारी रकम नियमविपरीत खर्च वा दुरुपयोग भएको छ, उसैबाट असुलउपर हुनुपर्छ । यदि सम्बन्धित व्यक्तिले नबुझाएमा राज्यले बाँकी सरह लगत कसेर उसको जायजेथाबाट असुल गर्ने स्पष्ट कानुनी व्यवस्था छ । आफ्नो कार्यकालमा भएको अनियमित खर्चलाई पालिकाको विकास बजेटबाट सोधभर्ना गर्न खोज्नु घोर बदनियत हो ।

**आलेप र मलेपमा संस्थागत भ्रष्टाचारको जालो**

सैद्धान्तिक रूपमा लेखापरीक्षणको मूल ध्येय सरकारी कोषको दुरुपयोग रोक्नु, सुशासन कायम गराउनु र भ्रष्टाचार नियन्त्रण गर्नु हो । तर व्यवहारमा भने यो संयन्त्र नै भ्रष्टाचार बढाउने र अनियमिततालाई वैधानिकता दिने माध्यम बनेको तीतो यथार्थ हाम्रासामु छ ।

सबै सरकारी कार्यालयमा कार्यरत लेखा कर्मचारीहरू महालेखा नियन्त्रक कार्यालय मातहतका हुन्छन् । उनीहरू आफू कार्यरत कार्यालयबाट सेवा-सुविधा लिए पनि सरुवा र वृत्तिविकासको साँचो महालेखासँगै हुने भएकाले आफ्नै कार्यालयप्रति उत्तरदायी हुँदैनन् । अर्कोतर्फ, आन्तरिक र अन्तिम लेखापरीक्षण गर्न आउने अडिटरहरू पनि उही सेवा समूहका हुने भएकाले उनीहरूबीच आपसमा 'आफ्नै गोत्र' को न्यानो सम्बन्ध हुन्छ ।

जिल्लामा लेखापरीक्षणका लागि खटिने टोलीलाई भ्रमण भत्ताको सरकारी प्रबन्ध भए पनि कार्यालयहरूले उनीहरूका लागि सुविधायुक्त होटल, खानपिन र रात्रीबासको आकर्षक व्यवस्था मिलाउने गर्छन् । अडिट सुरु हुनुअघि नै कुन कार्यालयबाट के-कति 'अडिट खर्च' उठाउन सकिन्छ भन्ने गोप्य अनुमान तयार पारिन्छ । लेखापालसँग बसेर अडिटरहरूले बेरुजुको प्रारम्भिक सूची बनाउँछन् । अन्तिम प्रतिवेदनमा रातो वा हरियो मसीले रेजा लगाउनुअघि रकमको मोलमोलाई हुन्छ । मागअनुसारको रकम बुझाएमा ठूला अनियमितता पनि सामसुम पारिन्छन् भने रकम नदिएमा वा आलटाल गरेमा साना कुरामा पनि ठूलो बेरुजु निकालेर खामबन्दी प्रतिवेदन बुझाइदिने गरिन्छ । केही समयअघि जुम्ला विमानस्थलमा घूसको रकमसहित अख्तियारबाट पक्राउ परेका मलेप अडिटरको घटनाले यो कालो धन्दालाई छर्लङ्ग पारिसकेको छ ।

**व्यक्तिगत रिसइबी र पद्धतिगत कमजोरी**

लेखापरीक्षणका क्रममा अडिटरको व्यक्तिगत मनमुटाव वा असन्तुष्टिका कारण पनि बेरुजुको अस्वाभाविक सूची तयार हुने गरेको छ । कानुनसम्मत भएका खर्च र पाउनुपर्ने सुविधामा पनि व्यक्तिगत रिसइबी साध्न बेरुजु उठाइदिने र माथिल्लो टोलीले पनि तथ्य नबुझी त्यसैलाई सदर गरिदिने थुप्रै उदाहरणहरू छन् । यसले गर्दा हरेक वर्ष बेरुजुको अङ्क डरलाग्दो गरी बढिरहेको छ ।

हाल स्थानीय तहहरूमा जनप्रतिनिधि र प्रमुख प्रशासकीय अधिकृतबीच समन्वय हुनुपर्नेमा धेरैजसो ठाउँमा कमिसनको खेल, बजेटमा हेराफेरी र भ्रष्टाचारको प्रतिस्पर्धा चलेको छ । अख्तियार र महालेखा परीक्षकका वार्षिक प्रतिवेदनहरूले पालिकाहरूमा यो बेथिति भुसको आगो झैँ फैलिएको पुष्टि गर्छन् ।

आर्थिक प्रशासनलाई अनुशासित र पारदर्शी बनाउनुपर्ने संरचना नै भ्रष्टाचारको मतियार बन्नु देशका लागि दुर्भाग्यपूर्ण हो । जबसम्म राजनीतिक र प्रशासनिक नेतृत्वले आर्थिक अनुशासनलाई आत्मसात गर्दैनन् र लेखापरीक्षणलाई निष्पक्ष बनाइँदैन, तबसम्म बेरुजुको पहाड पन्छाउन र सुशासन कायम गर्न असम्भवप्रायः छ ।

**(लेखक माझी नेपाल सरकारका पूर्वउपसचिव हुन् ।)**

# मलेसियामा सिन्डिकेट : जोखिम कति ?

रोजगारी



● सरोज दाहाल

*मलेसियाको रोजगारीमा नयाँ प्रणालीमार्फत २५ म्यानपावर र २५० एजेन्सी छनोट भएपछि विवाद चर्किएको छ । वार्षिक करिब २ खर्ब ३० अर्ब रेमिट्यान्स भित्रिने यो क्षेत्रको समस्या सिन्डिकेटरहित पारदर्शी, प्रतिस्पर्धी र कूटनीतिक संवादबाट सुल्झाउँदै श्रमिकको आर्थिक भार घटाउनु आजको मुख्य आवश्यकता हो ।*

मलेसियाको रोजगारीमा नयाँ प्रणाली लागू गर्ने विषय फेरि नेपालमा तीव्र बहस र विवादको केन्द्रमा छ । मलेसियाले विदेशी श्रमिकका लागि आफ्नो फोरेन वर्कर सेन्ट्रलाइज्ड म्यानेजमेन्ट सिस्टम (एफडब्लुसीएमएस) मार्फत नेपालका २५ वटा म्यानपावर कम्पनीलाई प्रिन्सिपल रिक्वायरमेन्ट एजेन्सीका रूपमा सूचीकृत गरेपछि विवादको बीजारोपण भएको हो । त्यसपछि ती २५ कम्पनीअन्तर्गत थप २५० वटा एजेन्सीलाई सहयोगी संस्थाका रूपमा जोडेपछि यो विषयले झन् गम्भीर रूप लिएको छ ।



यो विषयलाई केवल म्यानपावर व्यवसायीहरूबीचको आन्तरिक जुधाइ वा व्यापारिक प्रतिस्पर्धाका रूपमा मात्र हेर्न मिल्दैन। यसको सोझो सम्बन्ध वैदेशिक रोजगारीमा जाने लाखौं नेपाली युवाको भविष्य, उनीहरूका परिवारको जीविकोपार्जन र नेपालको समग्र अर्थतन्त्रसँग जोडिएको छ ।

**अर्थतन्त्रमा मलेसियाको योगदान र प्रभाव**

नेपाल सरकारको तथ्यांकअनुसार मलेसियामा अहिले ४ लाखभन्दा बढी नेपाली श्रमिकहरू कार्यरत छन् । गैरकानुनी वा कागजातविहीन रूपमा कार्यरत श्रमिकहरूलाई समेत जोड्दा यो संख्या अझै ठूलो हुन आउँछ । मलेसियामा विदेशी कामदार पठाउने मुलुकहरूमा बंगलादेश र इन्डोनेसियापछि नेपाल तेस्रो ठूलो देश हो ।

नेपाल राष्ट्र बैंकको पछिल्लो विस्तृत अध्ययनअनुसार नेपाल भित्रिने कुल रेमिट्यान्समा मलेसियाको हिस्सा करिब ९.७ देखि १० प्रतिशतको हाराहारीमा छ । गत आर्थिक वर्षमा नेपालमा कुल २३ खर्ब ६३ अर्ब रुपैयाँ रेमिट्यान्स भित्रिएको थियो । यस आधारमा हिसाब गर्दा मलेसियाबाट मात्रै वार्षिक रूपमा करिब २ खर्ब ३० अर्ब रुपैयाँ वैधानिक प्रणाली (बैंकिङ तथा रेमिट्यान्स कम्पनी) मार्फत नेपाल भित्रिने गरेको देखिन्छ । त्यसैले मलेसियाको रोजगारीमा आउने सामान्य उतारचढाव वा अन्योललाई पनि नेपालले अत्यन्त गम्भीरतापूर्वक लिन आवश्यक छ ।

**विवादको मूल जरो र कानुनी जटिलता**

मलेसियाको नयाँ प्रणालीले भर्ती प्रक्रियालाई थप व्यवस्थित, मर्यादित र पारदर्शी बनाउने उद्देश्य राखेको मलेसियाली पक्षको भनाइ छ । तर, नेपाल सरकारको मुख्य आपत्ति भने २५ वटा एच्ब र त्यससँग जोडिएका २५० वटा एजेन्सीको संरचना, तिनको छनोट प्रक्रिया र नेपाली कानुनसँगको असामञ्जस्यतामा केन्द्रित छ ।

नेपालको वैदेशिक रोजगार ऐन, २०६४ तथा वैदेशिक रोजगार नियमावली, २०६४ अन्तर्गत इजाजतप्राप्त सम्पूर्ण व्यवसायीलाई समान र तोकिएको कानुनी संरचनाभित्र काम गर्ने अधिकार छ । सन् २०१८ मा भएको नेपाल-मलेसिया श्रम समझदारीमा सीमित एजेन्सीहरू रहने यस्तो एकाधिकारवादी वा सिन्डिकेट शैलीको संरचना स्पष्ट रूपमा उल्लेख छैन। त्यसैले कानुनी ढाँचा र निष्पक्ष प्रतिस्पर्धामा असर परेको भन्दै नेपाल सरकारले ती २५० एजेन्सीहरू कसरी छनोट भए, कुन मापदण्ड प्रयोग गरियो र कसले सिफारिस गऱ्यो भन्ने विषयमा छानबिन र स्पष्टीकरण अघि बढाएको छ ।

**ऐतिहासिक सम्बन्ध र अवसरको दायरा**

नेपालीहरू वैदेशिक रोजगारीमा जाने परम्पराको औपचारिक सुरुवात सन् १८१६ को सुगौली सन्धिपछि ब्रिटिस सेनामा भर्ना भएर (लाहुरेका रूपमा) सुरु भएको मानिन्छ । सन् १८६२ तिर कृषि मजदुरका रूपमा भारत जाने क्रम सुरु भयो भने सन् १९८० को दशकको मध्यदेखि खाडी मुलुकहरू र मलेसिया जाने आधुनिक चरण सुरु भयो ।

मलेसिया र नेपालबीचको सम्बन्धको इतिहास सन् १९४८ को मलेसियन आपत्कालका बेला ब्रिटिस सेनामा कार्यरत गोर्खा सैनिकहरू त्यहाँ पुगेसँगै सुरु भएको हो । तर, औपचारिक रूपमा सन् २००१ मा मलेसिया सरकारले नेपाललाई आफ्नो श्रम स्रोत मुलुकको मान्यता दिएपछि संस्थागत रूपमा नेपालीहरू मलेसिया जान थालेका हुन् । सन् २०१८ मा शून्य लागत (श्भचय ऋयकत) मा श्रमिक पठाउने ऐतिहासिक श्रम सम्झौता भयो, जसको जग बसाल्न तत्कालीन राज्यमन्त्री टेकबहादुर गुरुङको निर्णयको भूमिका रहेको थियो ।

आर्थिक वर्ष २०७९/८० मा मात्रै २ लाख ५९ हजारभन्दा बढी नेपालीले मलेसियाका लागि श्रम स्वीकृति लिएका थिए। मलेसियामा विशेष गरी निम्न क्षेत्रमा नेपालीका लागि ठूलो अवसर छः

उत्पादन क्षेत्रः इलेक्ट्रोनिक्स र औद्योगिक कारखानामा राम्रो आम्दानी र ओभरटाइमको अवसर ।

सुरक्षा गार्डः मलेसिया सरकारको नीतिअनुसार सुरक्षा गार्डमा नेपालीलाई पहिलो र एकमात्र वैदेशिक प्राथमिकता छ ।

सेवा क्षेत्रः होटल, रेस्टुरेन्ट र ठूला सपिङ मलहरूमा सम्मानजनक काम र आम्दानी ।

कृषि तथा बगानः पाम आयल र रबर उत्पादक ठूला बगानहरूमा कृषि श्रमिकका रूपमा अवसर ।

प्राविधिक क्षेत्रः पछिल्लो समय आइटी, सुपरभाइजर र म्यानेजरियल तहमा पनि सीपयुक्त नेपालीले स्थान पाउन थालेका छन् ।

**सरकारको परीक्षा र आगामी बाटो**

नेपाल सरकारले हाल संस्थागत रूपमा १११ वटा र व्यक्तिगत रूपमा १७८ भन्दा बढी गरी कुल १८६ मुलुकमा वैदेशिक रोजगारीको बाटो खुला गरेको छ । तर, मलेसियाजस्तो ठूलो गन्तव्यमा वैदेशिक रोजगारी अवरुद्ध हुनु कसैको हितमा हुँदैन ।

म्यानपावर व्यवसायमा अनियमितता छ भने सूक्ष्म छानबिन गरी दोषीलाई कडा कानुनी कारबाही हुनुपर्छ। तर, नियमनको नाममा मलेसियाको रोजगारी नै ठप्प हुने वा प्रभावित हुने वातावरण सिर्जना हुनु हुँदैन। यदि मलेसियाको नयाँ प्रणालीले रोजगारदातामाथि नै भर्ती खर्चको जिम्मेवारी बढाउँछ र नेपाली श्रमिकको आर्थिक भार घटाउँछ भने त्यसलाई सकारात्मक रूपमा लिनुपर्छ। तर, यसको आवरणमा अपारदर्शी एजेन्सी प्रणाली वा सीमित व्यवसायीको सिन्डिकेट स्वीकार्न सकिँदैन।

अहिले परराष्ट्र र श्रम मन्त्रालयले कूटनीतिक संवादमार्फत समस्या समाधान गर्न द्विपक्षीय प्राविधिक संयन्त्रको बैठक बोलाउन पहल गरिरहेका छन् । अब सरकारको प्राथमिकता स्पष्ट हुनुपर्छ– भित्री बेथिति र ठगीमाथि कडा कारबाही गर्ने, तर कूटनीतिक संवादलाई तीव्रता दिँदै मलेसियाको रोजगारीको ढोका खुला राख्ने ।

यदि संवाद कमजोर भयो र विवाद लम्बिएर रोजगारी प्रक्रिया रोकियो भने त्यसको मार म्यानपावर व्यवसायीलाई मात्र होइन, मलेसिया जाने तयारीमा रहेका हजारौं गरिब श्रमिक र उनीहरूका आश्रित परिवारलाई पर्नेछ । त्यसैले प्रशासनिक टकराव र अडान होइन, कूटनीतिक परिपक्वता, पारदर्शिता, निष्पक्ष प्रतिस्पर्धा र श्रमिक हितलाई केन्द्रमा राखेर तत्काल निकास खोज्नु नै अन्तिम विकल्प हो ।

इतिहासको पाना ● सन्तोष खडेरी

## नेपालगञ्जको राणाकालीन राजभवन



कर्णेल राजशमशेर राणा प्रधानमन्त्री वीरशमशेरका नाति एवं नेपालको पहिलो फिल्ड मार्सल रुद्रशमशेरका छोरा थिए ।

सन् १९३२ तिर बाँके बर्दिया गोश्वारामा लेफ्टिनेन्ट कर्णेल राजशमशेर जबरा बडाहाकिम थिए ।

काठमाडौँबाट रुद्रशमशेर लगायतका राणाहरु निष्कासनमा परेपछि उनका छोराहरूले आफूहरु कार्यरत रहेकै ठाउँमा आआफ्नो नयाँ घरबार जोडेका थिए । तीमध्येमा राजशमशेर र मेघराजशमशेरले नेपालगञ्ज फुलटेक्रामा घर बनाए ।

नेपालगञ्जमा बसोबास गरिरहेका कर्णेल राजशमशेर र कर्णेल मेघराजशमशेरले विसं १९९१ मा घर बनाउनका लागि बाँकेको फुलटेक्रानजिक रामनगर गाउँदेखि पूर्वतर्फको २० बिघा जग्गा जनही १० बिघाको दरले आफूहरूले बिर्ता पाउँ भनी तत्कालीन प्रधानमन्त्री जुद्धशमशेरसमक्ष बिन्तीपत्र चढाएका थिए ।

जनरल रुद्रशमशेरका छोरामध्येमा राजशमशेरले सर्वप्रथम म्याट्रिक उत्तीर्ण गरेका थिए। सन् १९१५ मा दरबार स्कुलबाट म्याट्रीक उत्तीर्ण गरे । त्यस्तै उनले सन् १९१७ मा कलकत्ताको प्रेसिडेन्सी कलेजबाट द्वितीय श्रेणीमा आइए उत्तीर्ण गरे । उनीहरुको बिन्तीपत्र अनुसार महाराज जुद्धशमशेरले ती दुबै भाईलाई जनही १० बिघाका दरले जग्गा दिएका थिए। त्यसरी जग्गा पाएपछि उनले घर बनाए ।

बडाहाकिमका रूपमा कर्णेल राजशमशेरले बाँके बजार नेपालगञ्जमा घर पसल बनाउँदा निवेदन दिई प्रशासनबाट अनुमति लिएर मात्र बनाउने व्यवस्था लागू गरे । उनले यो सुझाव प्रधानमन्त्री जुद्धशमशेरलाई दिएपछि प्रधानमन्त्रीले त्यसको अनुमोदन गरी सो व्यवस्था कार्यान्वयन गर्न निर्देशन दिएका थिए ।

# एसियाली खेलकुद : भएन अपेक्षाकृत प्रदर्शन




**काठमाडौं/मस–** नेपाली ब्याडमिन्टन खेलाडी क्षितिज खनाल जापानमा जारी २०औं एसियाली खेलकुदको पुरुष एकलतर्फ अन्तिम-३२ बाट बाहिरिएका छन् । चिनोमिया सिटी म्युनिसिपल जिम्नेसियममा शनिबार भएको खेलमा क्षितिज इरानका निमा रोस्तामपुरलागाल्दानीसँग २-० ले पराजित भए । उनले १४-२१ र ९-२१ को नतिजा व्यहोरे ।

क्षितिजले पहिलो चरणमा मकाओका ची चोन पुईलाई २-० ले हराएका थिए । एसियाली खेलकुदको ब्याडमिन्टनमा नेपाली खेलाडीको यो एकमात्र जित रह्यो । महिला एकलमा रशिला महर्जन र रिहाना महर्जन पहिलो चरणबाटै बाहिरिए । रशिला चीनकी वाङ झी यी तथा रिहाना श्रीलंकाकी रणिथ्मा थिनुडी वेहेनागेसँग पराजित भए ।

मिक्स्ड डबल्समा क्षितिज-रिहाना तथा प्रफुल महर्जन-रशिलाको जोडी पनि पहिलो चरणमै रोकिएको थियो । पुरुष डबल्समा क्षितिज-प्रफुल तथा महिला डबल्समा रशिला-रिहानाको जोडीले पनि पहिलो चरण पार गर्न सकेनन् ।

पुरुष एकलमा प्रफुल श्रीलंकाका डुमिन्डु अबेविक्रमसँग पराजित हुँदै पहिलो चरणबाटै बाहिरिएका थिए ।

यस्तै प्रतियोगिताअन्तर्गत पुरुष म्याराथनमा नेपालका बहादुर खड्का अन्तिम स्थानमा रहेर दौड पूरा गरेका छन् । खड्काले निर्धारित दूरी २ घण्टा २३ मिनेट ४२ सेकेन्डमा पूरा गरे । उनी विजेता जापानका इचिताका यामाशिताभन्दा १२ मिनेट ५३ सेकेन्ड पछि रहे ।



जापानका यामाशिताले २ घण्टा १० मिनेट ४९ सेकेन्डमा दौड पूरा गर्दै स्वर्ण जिते । भारतका सावन बरवाल ४८ सेकेन्डले पछि पर्दै दोस्रो भए भने




चीनका फेङ पेइयु १ मिनेट २४ सेकेन्ड पछाडि रहँदै तेस्रो भए ।

पहिलोपटक एसियन गेम्स खेलेका खड्कले करिब ४ दशक पुरानो बैकुण्ठ मानन्धरको कीर्तिमान तोड्ने लक्ष्य राखेका थिए तर त्यो सफल हुन सकेन । मानन्धरले सन् १९८७ मा भारको कोलकातामा भएको तेस्रो दक्षिण एसियाली खेलकुदमा २ घण्टा १५ मिनेट ०३ सेकेन्डको कीर्तिमान बनाएका थिए । म्याराथनमा धेरैले मानन्धरको कीर्तिमान तोड्ने प्रयास गरेपनि सकेका छैनन् ।

त्यस्तै प्रतियोगिताअन्तर्गत पुरुष स्केटबोर्डिङमा नेपालका सरद राई र गजेन्द्र बर्देवा पहिलो चरणबाटै बाहिरिएका छन् । हिट चरणपछि सरद ५९.८४ अंकसहित १३औं तथा गजेन्द्र ५२.८४ अंकसहित १४औं स्थानमा रहे । शीर्ष ८ खेलाडी मात्र अर्को चरणमा प्रवेश गर्ने प्रावधान थियो ।

दुवै नेपाली खेलाडीले ट्रिकतर्फ राम्रो प्रदर्शन गरे पनि रनमा अपेक्षित अंक जोड्न नसक्दा समग्र स्कोर प्रभावित भयो । सरदले ट्रिकमा ४५.१३ र १४.७१ अंक जोड्दा गजेन्द्रले ४३.१८ र ९.६६ अंक प्राप्त गरेका थिए ।

जापानका तोआ सासाकी १५९.१३ अंकसहित पहिलो, जापानकै गिनबु ओनोडेरा दोस्रो तथा दक्षिण कोरियाका जुनी काङ तेस्रो स्थानमा रहँदै अर्को चरणमा प्रवेश गरे ।

यस्तै आर्चरीको महिला व्यक्तिगत रिकभरको क्वाइलिफिकेसन राउन्डमा नेपाली खेलाडी ज्ञानु अवालेले कुल ५८१ अंक ल्याउदै सहभागी मध्ये ४८औं स्थानमा रहेकी छन् । यो इभेन्टसमा ५३ जना खेलाडी सहभागी थिए । यस्तै पुरुष व्यक्तिगत रिकभरमा तिलक पुन मगरले कुल ६५१ अंक प्राप्त गरि सहभागी मध्ये ३९ स्थानमा रहेका छन् । यो इभेन्टसमा ५८ जना सहभागी थिए ।

## एसियाड क्रिकेट

# क्वार्टरफाइनलमा नेपालले श्रीलंकासँग खेल्ने




**काठमाडौं/मस–** जापानमा जारी २०औं एसियाली खेलकुदअन्तर्गत पुरुष क्रिकेटमा नेपालले उत्कृष्ट प्रदर्शन गर्दै समूह 'ए'को विजेताको रूपमा क्वार्टरफाइनलमा स्थान सुरक्षित गरेको छ । समूह चरणको अन्तिम खेलमा आयोजक जापानसँगको खेल वर्षाका कारण नतिजाविहीन भएपछि दुवै टोलीले १-१ अंक बाँडेका थिए । यससँगै नेपालले दुई खेलबाट ३ अंक जोड्दै समूह विजेता बन्न सफल भयो ।

नेपालले अब क्वार्टरफाइनलमा बलियो टोली श्रीलंकासँग प्रतिस्पर्धा गर्नेछ । उक्त खेल मंगलबार बिहान पौने ६ बजे सुरु हुने तालिका रहेको छ । समूहको उपविजेता अफगानिस्तानले भने अर्को क्वार्टरफाइनलमा भारतको सामना गर्नेछ ।

समूह चरणमा नेपालको प्रदर्शन सशक्त रह्यो । पहिलो खेलमा नेपालले अफगानिस्तानलाई ५ विकेटले पराजित गर्दै बलियो सुरुवात गरेको थियो । अफगानिस्तानले दिएको १०३ रनको लक्ष्य नेपालले १७.२ ओभरमा ५ विकेट गुमाएर सहजै पूरा गरेको थियो ।

जापानविरुद्धको खेल वर्षाका कारण छोट्याएर १५ ओभरमा खेलाइएको थियो । टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नेपालले निर्धारित १५ ओभरमा ४ विकेट गुमाएर १४९ रनको प्रतिस्पर्धात्मक योगफल तयार पारेको थियो । तर नेपालले बलिङ गर्नुअघि नै पुनः वर्षा सुरु भएपछि खेल अघि बढ्न नसकी नतिजाविहीन बनेको हो ।

उक्त खेलमा नेपालका सन्दीप जोरा र लोकेश बमले उत्कृष्ट अर्धशतकीय पारी खेल्दै टोलीलाई मजबुत अवस्थामा पुर्‍याएका थिए । जोराले ३२ बलमा ५ चौका र ३ छक्कासहित अविजित ५७ रन बनाए भने लोकेशले २२ बलमा ६ छक्का र १ चौकाको सहयोगमा अविजित ५२ रन जोडे । यी दुई खेलाडीबीच पाँचौं विकेटका लागि ३० बलमा ६५ रनको महत्वपूर्ण साझेदारी भएको थियो ।

यस्तै, आसिफ शेखले १५ बलमा २१ रनको योगदान दिएका थिए । अन्य ब्याट्सम्यानहरू भने ठुलो स्कोर बनाउन सकेनन् । जापानका बलरहरूले पनि सन्तुलित प्रदर्शन गरेका थिए, जहाँ इब्राहिम ताकाहासी, डेक्लान सुजुकी, जेक कुसुडा र रेओ साकुरानो थोमसले समान एक-एक विकेट लिएका थिए ।

समूह चरणाको समग्र अंकतालिकामा नेपाल ३ अंकसहित शीर्ष स्थानमा रहँदा अफगानिस्तान २ अंकसहित दोस्रो स्थानमा रह्यो भने जापान १ अंकमै सीमित हुँदै प्रतियोगिताबाट बाहिरिएको छ ।

गत १९औं एसियाली खेलकुदमा नेपाल क्वार्टरफाइनलमा भारतसँग पराजित भएको थियो । यसपटक भने नेपालले समूह चरणमै प्रभावशाली प्रदर्शन गर्दै अघिल्लो नतिजालाई सुधार गर्ने संकेत दिएको छ । अब सबैको ध्यान मंगलबार हुने क्वार्टरफाइनल खेलतर्फ केन्द्रित भएको छ, जहाँ नेपालले श्रीलंकालाई पराजित गर्दै सेमिफाइनल यात्रा तय गर्ने लक्ष्य राखेको छ ।

# एसियाली शारीरिक सुगठनमा नेपाललाई स्वर्ण पदक




काठमाडौं/मस- नेपालका शारीरिक सुगठन खेलाडी सगेन्द्र सिंहले बैंककमा जारी ५८औं एसियाली शारीरिक सुगठन च्याम्पियनसिपमा स्वर्ण पदक जितेका छन् ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप)का अनुसार उनले पुरुष ७५ केजी तौल समूहमा उत्कृष्ट प्रदर्शन गर्दै स्वर्ण जितेका हुन् । सिंहको यो वर्षको दोस्रो अन्तर्राष्ट्रिय स्वर्ण पदक हो ।

यसअघि भुटानमा भएको १६औं दक्षिण एसियाली शारीरिक सुगठन च्याम्पियनसिपमा उनले ८० केजीतर्फ स्वर्णपदक जितेका थिए ।

उक्त प्रतियोगितामा नेपालले तीन स्वर्ण, तीन रजत र एक कास्यसहित सात पदक जितेको थियो ।

# मार्वलस र रेडियन्ट पब्लिक क्वार्टरफाइनलमा



**काठमाडौं/मस–** मार्वलस र रेडियन्ट पब्लिक यु-१६ अन्तरविद्यालय छात्र बास्केटबल प्रतियोगितामा शनिबार क्वार्टरफाइनलमा प्रवेश गरेका छन् ।

नेपाल बास्केटबल संघ, नेपालय इन्टरनेसनल र प्याब्सनको संयुक्त आयोजनामा भइरहेको प्रतियोगितामा मार्वलसले विल्सन एकेडेमीलाई ६४-४५ ले पराजित गर्‍यो । मार्वलसको जितमा सिनेप शाहीले २० अंक योगदान गरे । विधान कार्कीको १३ अंक सहयोगमा रेडियन्ट पब्लिकले ग्रिनल्यान्डलाई ७०-२८ ले हरायो ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा भएको अन्य प्रतिस्पर्धामा भेनस पब्लिकले आदर्शलाई ५२-४१, बाल दीक्षा सदनले त्रिज्योतिलाई ५१-४०, निसर्ग वाटिकाले त्रियोगलाई ४८-२७, डाफोडिलले विद्या विकासलाई ४०-१९, भ्याली पब्लिकले रेडियन्ट रिडर्सलाई ६९-४१, संस्कृतिले अक्षरालाई ६१-२९ र मातृभूमिले पुष्पसदनलाई ६१-३८ ले पाखा लगाउदै क्वार्टरफाइनलमा स्थान सुरक्षित गरे । भनेसका प्रयाग शर्माले २२, बाल दीक्षाका सयल महर्जनले २१, निसर्गका सचित श्रेष्ठले १५, डाफोडिलका कुशल कार्कीले १२, भ्याली पब्लिकका अशोक विकले २२, संस्कृतिका समरमान बस्नेतले १७ र मातृभूमिका आभास राउतले १८ स्कोर गरे ।

# धिरेनलाई अग्रता




**काठमाडौं/मस–** दोस्रो काठमाडौं-१० वडाध्यक्ष कप राष्ट्रिय खुला रेपिड चेस प्रतियोगितामा धिरेन राईले ६ अकंसहित अग्रता कायम गरेका छन् । स्विस लिग प्रणालीमा नौ चरणमा आयोजना हुने सो प्रतियोगिताको पहिलो दिन ६ चरणका खेल सम्पन्न भए । धिरेनले ६ खेलमा नै सफलता पाए ।

काठमाडौं महानगरपालिका-१० को आयोजनामा नयाँ बानेश्वरमा प्रतियोगिता भएको हो । प्रतियोगितामा २ सय २० खेलाडीको सहभागिता छ । प्रतियोगिताको उपाधि विजेताले २६ हजार २ सय ५० तथा उपविजयजीले २२ हजार ५ सय रुपैयाँ पुरस्कार पाउने छन् । तेस्रो हुनेले १८ हजार तथा चौथो हुनेले ११ हजार २ सय ५० रुपैयाँ पुरस्कार पाउने छन् । पाँचौं देखि १०औं स्थान पाउनेले ७ हजार ५ सय रुपैयाँ पुरस्कार पाउने छन् । प्रतियोगिताको आयोजक वडाका सचिव सुबोध खड्का तथा प्रतियोगिता निर्देशक इन्द्रकुमार बस्नेतले संयुक्त रूपमा उद्घाटन गरे । सो अवसरमा बोल्दै बस्नेतले प्रतियोगिताले नेपाली बुद्धिचाललाई नयाँ आयाम दिने विश्वास रहेको बताए ।

## भूल सुधार

मिति २०८३/०६/१० गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित परिवर्तनशील महिला समाज खारेजीको ३५ दिने सूचनामा ठेगाना चागुनारायण न.पा -५, भक्तपुर हुनुपर्नेमा अन्यथा भएकोले भूलसुधार गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति: २०८३/०६/११**

मिति २०८३/०५/१५ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **प्रेम एण्ड जुनी गुरुङ्ग फाउण्डेशन** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **तारा जे. फाउण्डेशन (दर्ता नं.: २३३४२६)** कायम गर्ने गरी मिति २०८३/०६/०५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति: २०८३/०६/११**

मिति २०८३/०६/०४ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **ज्ञान इको इन्नोभेशन इन्भेस्टमेन्ट नेपाल प्रा.लि** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **भूमि रियल्टर्स प्रा.लि (दर्ता नं.: ३७९८४८)** कायम गर्ने गरी मिति २०८३/०६/०७ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मिति २०८३/०६/११**

यस कम्पनीको मिति २०८३।०५।२२ मा सम्पन्न विशेष साधारणसभाको निर्णयानुसार साविक कम्पनी **अलाईभ पोलिक्लिनिक एण्ड डायग्रोष्टिक सेन्टर प्रा.लि. (दर्ता नं. २२९७७९)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३।०६।०८ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **अलाईभ हेल्थ विशेषज्ञ क्लिनिक प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

## नामथर र जन्ममिति फरक परेको सूचना

**जिल्ला प्रशासन कार्यालय चितवनको प.सं. २०८३।८४ च.न. ७६७, मिति २०८३।०५।०५ को "प्रमाणित सम्बन्धमा" शीर्षकको पत्रअनुसार चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं. १८ निवासी भारतीय सैनिक नं. जे.सी. ६१८०६७वाई नायब सुबेदार प्रेम बहादुर गुरुङ (नागरिकतामा प्रेम बहादुर वि.क.)ले मेरी श्रीमतीको नागरिकता प्रमाणपत्र नं. ३५३०३१/३६६ मा नामथर मीना कुमारी वि.क., जन्ममिति २०३७/०८/१३ भएको र पेन्सन अभिलेखमा श्रीमतीको नामथर मीना कुमारी गुरुङ, जन्ममिति सन् १८-१०-१९७९ उल्लेख भई फरक परे तापनि फरक नामथर र जन्ममिति भएको मेरी श्रीमती एकै व्यक्ति भएकाले एकै व्यक्ति भएको व्यहोरा प्रमाणित गरी पाऊँ भनी यस कार्यालयमा पेश गरेको निवेदनका सम्बन्धमा भरतपुर महानगरपालिका वडा नं. १८ को च.नं. ३१४, मिति २०८३/०४/२९ को सिफारिस पत्रको आधारमा उक्त व्यहोरा भारतीय पेन्सन प्रयोजनार्थ प्रमाणित गरिन्छ ।**


निवेदक र नामथर/जन्ममिति फरक परेको व्यक्ति

## युएईमा रोजगार

कम्पनी: Berkeley Security Services & Building Cleaning ( Br. Of Berkeley Services UAE LLC    शहर : UAE
पूर्व स्वीकृत मिति: २०८१/१२/०७    चलानी नं.: ६०२३५२०५    L.T. No.: 320540    पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 50 | 44 | स. काममा दक्ष | 800 | ३३,३२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८३ असोज १८ गते (4 October 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

DK RIVER OVERSEAS (P.) LTD.    Govt.Lic. No. 1102/073/074
Tokha-09, Gangabu, Kathmandu, Tel : 01-4980932/4982214/4955132, 9851071042 (Shiva Shrestha)

## बहराइनमा रोजगार

क१. कम्पनी: ALMOAYYED CONTRACTING GROUP W.L.L.    शहर: BAHRAIN
पूर्व स्वीकृत मिति:२०८२/०६/२६    चलानी नं.: ६०२४५९२७    LT. No.: 332264    पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 40 | 32 | सम्बन्धित काममा दक्ष | 100 | ४०,५८९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Workers | 30 | 0 | | 100 | ४०,५८९ | | | | | | | |

क२. कम्पनी: ALMOAYYED CONTRACTING GROUP W.L.L.    शहर: BAHRAIN
पूर्व स्वीकृत मिति: २०८२/०९/१८    चलानी नं.: ६०२५००९२    LT. No.:336598    पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 16 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ६०,८८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Worker | 50 | 0 | | 100 | ४०,५८९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ असोज १८ गते (4 October 2026) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | कम्पनी १ मा नि:शुल्क र कम्पनी २ मा रु १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

NICE RECRUITING AGENCY PVT. LTD.    श्रम ई. पत्र नं. १०६२/०७३/०७४
Samakhusi-26, Kathmandu, Landline No : 01-4957256,
Mobile: 9851056928, +977 970-4804943,
Website: nicerecruitment.org, E-mail: nicerecruitingagency1062@gmail.com




काठमाडौं महानगरपालिका-१६ स्थित माछापोखरी सडक छेउमा तरकारी किनमेल गर्दै सर्वसाधारण । निरन्तर वर्षापछि तरकारीको मुल्य बढेको उपभोक्ता बढेको बताउँछन् ।

**तस्बिर** : हरिराम भेटुवाल/रासस

# कतारमा हुने एआइआइबीको बैठकमा सहभागी हुँदै अर्थमन्त्री वाग्ले

**काठमाडौं /मस** अर्थमन्त्री डा. स्वर्णिम वाग्ले एसियाली पूर्वाधार लगानी बैंक (एआइआइबी) बैठकमा सहभागी कतार गएका छन् ।



एसियाली पूर्वाधार विकास बैंकको सञ्चालक समितिको ११औं वार्षिक बैठकमा भाग लिन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै अर्थमन्त्री वाग्ले दोहा पुगेका हुन् । उनीसँग अर्थ मन्त्रालयको अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध महाशाखा प्रमुख सहसचिव अमृत लम्सालसहभागी छन् । दोहामा हुने बैठकमा वाग्लेले एआइआइबीको बोर्ड अफ गभर्नर्सको सत्रमा सहभागिता रहने छ । त्यहाँ नेपालको पूर्वाधार विकास, जलवायु अनुकूलन, नवीकरणीय ऊर्जा, विपद्पछिको पुनर्निर्माण र आर्थिक वृद्धिका प्राथमिकताबारे छलफल हुने अर्थमन्त्रीको सचिवालयले जनाएको छ । नेपालका प्राथमिकताका क्षेत्रमा बहुपक्षीय सहयोग तथा लगानी परिचालनका विषयमा पनि उनले छलफल गर्ने अर्थ मन्त्रालयले जनाएको छ। भ्रमणका क्रममा वाग्लेले एआइआइबीका अध्यक्षसँगै भारत, बंगलादेश, कतार र मालदिभ्सका अर्थमन्त्रीहरूसँग छुट्टाछुट्टै द्विपक्षीय भेटवार्ता हुनेछ ।

# अलैंचीको राम्रो मूल्य पाएपछि किसानमा उत्साह

**भोजपुर/रासस–** भोजपुरका ग्रामीण क्षेत्रका किसानलाई यतिबेला कालो सुनका नामले चिनिने अलैंची टिप्न, केलाउन र भट्टीमा सुकाउन भ्याइनभ्याइ छ । भदौ, असोज र कात्तिक महिना अलैंची टिप्ने तथा प्रशोधन गर्ने मुख्य सिजन भएकाले किसानको दैनिकी यतिबेला अलैंची बगान र भट्टीमै बित्ने गरेको छ । परिपक्व भइसकेको अलैंची समयमै नटिपे वन्यजन्तुले नोक्सान पुऱ्याउने र झरेर गुणस्तर घट्ने जोखिम हुने भएकाले किसान बिहानैदेखि समूह बनाएर बगानतिर जाने गर्छन् । पौवादुङमा गाउँपालिका-५ का स्थानीय किसान टेकेन्द्र राईका अनुसार अहिले गाउँका किसान अलैंची टिप्न, सुकाउन तथा भण्डारण गर्न व्यस्त छन् । दिनभर अलैंची टिप्ने, केलाउने र भट्टीमा सुकाउने काममै बित्ने गरेको उनी बताउँछन् । बेसी क्षेत्रका किसानहरू यो समयमा प्रायः अलैंची बारीमै भेटिने गर्छन् । आफूले करिब आठ रोपनीमा विस्तार गरेको बगानबाट यो वर्ष झन्डै तीन मन अलैंची उत्पादन भएको उनले जानकारी दिए । अहिले गाउँघरमै प्रतिमन (४० किलो) ८० हजारका दरले अलैंची बिक्री भइरहेको किसान राईले बताए । 'यतिबेला अलैंची टिप्ने र सुकाउने सिजन छ,' उनले भने ।



तल्लो र बेसी भेगमा अलैंची केलाएर सुकाउने काम अन्तिम चरणमा पुग्न लागे पनि चोलन्ती, खावा, तिम्मालगायत माथिल्लो तथा कछाड क्षेत्रमा भने बल्ल टिप्ने सिजन सुरु हुन लागेको टेम्केमैयुङ गाउँपालिका-५ का किसान लालबहादुर विष्टले जानकारी दिए । विष्टका अनुसार यहाँका किसानले भदौदेखि कात्तिकसम्म अलैंची टिप्ने र सुकाउने गर्छन् । उनले आफूले नयाँ र पुरानो बगान गरी करिब ४० रोपनीमा खेती गर्दै आएको बताए ।

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमअन्तर्गत कार्यक्रम कार्यान्वयन एकाइ (संखुवासभा), जोन प्राविधिक एकाइ (भोजपुर)मार्फत जिल्लामा अलैंची सुपर जोन सञ्चालन भइरहेको छ । जोन प्राविधिक एकाइ भोजपुरकी प्रमुख कौशिला विष्टका अनुसार भोजपुरका नौमध्ये सात स्थानीय तहका ३५ वटा वडा सुपर जोन कार्यक्रममा समेटिएका छन् । पछिल्लो समय अलैंचीमा किसानको आकर्षण बढेकाले प्रोत्साहनका लागि अनुदान कार्यक्रम सञ्चालन भइरहेको उनले जानकारी दिए । सरकारी तथ्यांकअनुसार भोजपुरमा हाल करिब ५९७ हेक्टरमा अलैंचीको व्यावसायिक खेती भइरहेको छ । जिल्लाको षडानन्द नगरपालिका, टेम्केमैयुङ, पौवादुङमा, आमचोक, अरुण र साल्पासिलिछो गाउँपालिकालगायतका क्षेत्र अलैंचीका प्रमुख पकेट क्षेत्र हुन् ।

अलैंची ओसिलो, खोलाखोल्सी तथा भिरालो जमिनमासमेत सजिलै सप्रिने भएकाले किसानले पाखा र खोलाका किनारमा अलैंची विस्तार गरेका छन् । यहाँ रामशाही, गोलशाही, डम्बर शाही र जिर्मले जातका अलैंची बढी उत्पादन हुन्छ । वैदेशिक रोजगारी र अन्य खेतीको तुलनामा अलैंचीखेतीबाट राम्रो आम्दानी हुने भएकाले अलैंची ग्रामीण भेगका बासिन्दाको मुख्य आयस्रोत बनेको छ । विगतका वर्षको तुलनामा बजार मूल्यमा आएको सुधारले भोजपुरका किसानमा थप उत्साह थपिएको छ ।

# बैंकमै थुप्रियो लगानीयोग्य पुँजी आर्थिक गतिविधिमा ब्रेक

**छबि सापकोटा/मध्यान्ह**
काठमाडौं, १० असोज

बैंकिङ क्षेत्रमा लगानीयोग्य रकम थुप्रिँदै गएको छ । वित्तीय प्रणालीमा अधिक तरलता हुँदा राष्ट्र बैंकमा १३ खर्ब ६७ अर्बबढी रकम थुप्रिएर बसेको छ । नयाँ सरकार गठन भएपछि लगानीको वातावरण बन्नु पर्नेमा लगानीकर्ताले बैंक तथा वित्तिय संस्थाबाट कर्जा बिस्तारमा सुधार हुने अपेक्षा धेरै बैंकरले गरेका थिए । तर बैंकले व्याजदर घटाउँदै सस्तो बनाउँदै लैजाँदा समेत कर्जा विस्तार हुन सकेको छैन । बैंक तथा बित्तिय संस्थामा निक्षेप थुप्रिँदै जाने तर कर्जाको माग नबढ्दा लगानीयोग्य रकम बैंकिङ प्रणालीमा थुप्रिँदै गएको छ । लगानीयोग्य रकम थुप्रिदा बैंकिङ प्रणालीमा अधिक तरलताको समस्या भररहेको छ ।



मुलुकले स्थिर तथा शक्तिशाली सरकार हुदाँ समेत लगानी कर्तामा कन्फिडेन्स लेबल बढ्न नसक्दा कर्जा विस्तार सुस्त छ । नयाँ सरकार बनेसंगै कर्जाको माग बढ्ने अपेक्षा बैंकिङ क्षेत्रले गरेको थियो । केही ठुला व्यवसायीमाथि सरकारले नियन्त्रणमा लिदाँ समग्र निजी क्षेत्र नै त्रसित भएको व्यवसायीहरु बताउछन् । लगानी गर्न चाहेका व्यवसायीहरु पनि पर्ख र हेरकै अवस्था रहेको बताउँछन् । कर्जा माग नहुदाँ अर्थतन्त्रको चक्र नै बिग्रिँदै गएको छ । बजारमा पैसा खेल्न नसक्दा आर्थिक गतिबिधी समेत बढ्न नसकेको अर्थबिद् डा. चन्द्रमणी अधिकारी बताउँछन् । 'कर्जाको व्याजदर इतिहासकै कम छ । यो बेला उद्यमी व्यवसायीले कर्जा लिएर लगानी बिस्तार गर्ने समय हो ।' उनले भने 'तर लगानीकर्तामा निराशा मात्र छ कसरी हुन्छ कर्जा बिस्तार ? सरकारले लगानीकर्ताको मनोबल बढाउने काम गर्न नसक्दा बैंकमै रकम डम्प भएको हो ।'

निजीक्षेत्र लगानी थप्ने सोचको नै विकास नहुदाँ अर्थतन्त्रको समग्र गतिविधिमा नै सुस्तता छाएको छ । अर्थतन्त्रमा सुधारको अपेक्षा गरिरहेको बेला भदौं १० गते भोटेकोसीमा आएको विनासकारी बाढीपछि अझै आर्थिक गतिविधिमै ब्रेक लागेको छ । बैक तथा वित्तिय संस्थामा कर्जा माग नुहदाँ नेपाल राष्ट्र बैंकमै साढे १० खर्ब रुपैयाँबढी रकम रहेको छ । बैंकिङ प्रणालीमा अधिक तरलता हुदाँ राष्ट्र बैंकले निक्षेप संकलन उपकरण, स्थायी निक्षेप सुविधा (एसडीएफ) र राष्ट्र बैंक ऋणपत्रमार्फत बजारबाट पैसा खिच्ने काम गरिहरेको छ ।

कर्जाको माग सुस्त हुन लागेको केही वर्ष नै भयो तर गत वर्ष भदौं २३ र २४ गते जेन्जी आन्दोलबाट सरकारी संरचनादेखि ठुला लगानीकर्ता केन्द्रित भएर केही आक्रमण हुदाँ त्यस असर लगानीकर्तामा अहिले देखिएको छ । जेनजी आन्दोलनपछि लगानीकर्ता कर्जा लिएर व्यवसाय गर्ने आँट गर्न सकेका छैनन् । सरकारले निजी क्षेत्रको कन्फिरेन्ट बिस्तारको लागि भेटवार्ता र छलफल गरेपनि नीतिगत स्थिरता र लगानीमैत्री वातावरण अझै बन्न नसक्दा कर्जाको माग बढ्न नसकेको व्यवसायी बताउँछन् । केही वर्ष अघि उद्योगी-व्यवसायीले दोहोरो अंकको व्याजदरलाई एकलदरको माग गर्ने गरेका थिए तर अहिले व्याजदर निकै सस्तो हुदाँ समेत कर्जा लिन बैंकमा व्यवसायी जादैनन् ।

# वर्षाका कारण बाँकेका धानबालीमा क्षति

**बाँके/मस–** बुधबार रातिदेखि परेको अविरल वर्षाका कारण बाँकेमा किसानको खेतमा पाकेर काट्ने अवस्थामा रहेको धानबालीमा क्षति पुगेको छ । बाँकेको राप्तीसोनारी गाउँपालिका-९ स्थित ढकेरीमा लोकबहादुर चौधरीको करिब १० कट्ठामा काट्ने अवस्थाको धान खेतमा ढलेको छ । निरन्तर परेको वर्षाले केही दिनमा काट्ने तयारी गरिएको धान खेतमा ढलेको जानकारी दिँदै चौधरीले ढलेको धान खेतमै उम्रिने चिन्ता व्यक्त गरे । 'अब केही दिनमा धान काट्ने तयारी गर्दै थियौं । तर निरन्तर परेको वर्षाले धानबालीमा क्षति पुगेको छ', उनले भने। चौधरीले स्थानीय ६०६ जातको मोटा धानको खेती गरेका थिए ।



पानी परिरहेकाले तत्काल कुनै उपाय नभएको उल्लेख गर्दै चौधरीले ढलेको धान खेतमै नउम्रिए हुन्थ्यो भने । यसबाहेक आसपासका क्षेत्रमा काट्ने तयारीमा रहेका धान खेतीमा ढलेर क्षति पुगेको छ । खजुरा गाउँपालिकामा पनि काट्ने अवस्थामा रहेको धानबाली खेतमा ढलेर क्षति पुगेको स्थानीय पत्रकार तिलक गाउँलेले जानकारी दिए । उनले आफ्नै धान खेती पनि वर्षाले ढालेर क्षति पुऱ्याएको उल्लेख गरे । जिल्लास्थित कृषि ज्ञान केन्द्रकी सूचना अधिकारी सुजिता शर्माले वर्षाले पुऱ्याएको क्षतिको विवरण संकलन कार्य केही दिनमा सुरु गरिने जानकारी दिँदै मलको अभावले गाँज नलागेका स्थानीय जातका धानबाली खेतमा ढलेको हुनसक्ने बताइन् । 'राधा-४ लगायत मोटो धानका बाली ढलेका हुन सक्छन्', उनले भनिन् ।

सूचना अधिकारी शर्माका अनुसार स्थानीय तहलाई पनि विभिन्न स्थानीय तहमा वर्षाले पुऱ्याएको धानबालीको क्षतिको विवरण संकलन गर्न आग्रह गरिएको छ । निरन्तर भइरहेको वर्षाका कारण सम्भावित बाढी, डुबान तथा वर्षाजन्य विपद्बाट पशुपन्छी तथा अन्य बालीमा हुनसक्ने क्षति न्यूनीकरण गर्न खजुरा गाउँपालिकाले कृषकलाई उच्च सतर्कता अपनाउन आग्रह गरेको छ ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत दिलबहादुर पौडेलले सूचना जारी गरी बाढी तथा डुबानको जोखिम भएका स्थानमा रहेका पशुपन्छीलाई समयमै सुरक्षित र उच्च स्थानमा सार्न, गोठ तथा खोरको अवस्था जाँच गरी पानीको उचित निकासको व्यवस्था गर्न तथा पर्याप्त सुख्खा घाँस, दाना, पराल र स्वच्छ खानेपानी सुरक्षित रूपमा भण्डारण गर्न अनुरोध गरेका छन् ।

त्यस्तै दूषित पानी तथा भिजेको वा कुहिएको दाना नखुवाउन, विद्युतीय तार तथा उपकरणबाट पशुपन्छीलाई टाढा राख्न र बिरामी वा असामान्य अवस्थामा देखिएका पशुपन्छीलाई छुट्टै राखी तत्काल पशु सेवा शाखा वा केन्द्रमा सम्पर्क गर्न पालिकाले आग्रह गरेको छ ।

# मौसम प्रतिकूलता भएसँगै मुस्ताङको पर्यटन क्षेत्र प्रभावित

**मुस्ताङ/मस-** मौसम प्रतिकूलता भएसँगै धार्मिक तथा पर्यटकीय जिल्ला मुस्ताङ सुनसान बन्दै गएको छ । निरन्तरको वर्षासँगै बाढीपहिरोको बढ्नुका साथै कतिपय स्थानमा राजमार्ग अवरुद्ध हुँदा यहाँको पर्यटन क्षेत्र प्रभावित भएको हो ।

गत भदौ १० गते रसुवाको भोटेकोशीमा आएको विनासकारी बाढीले प्रभावित भएको मुस्ताङको पर्यटन अहिलेको पर्यटकीय याममा मौसम प्रतिकूलता हुँदा प्रभावित भएको छ । विगतका वर्षहरूमा अनुकूलयामसँगै दसैंतिहार जस्ता चाडपर्व अघि पर्यटकीय आगमन बढी हुने मुस्ताङमा बिहीबारदेखि सुनसान बनेको यस क्षेत्रका जानकारहरू बताउँछन् ।



राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, मौसम विज्ञान विभाग र मौसम पूर्वानुमान महाशाखाले ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई असोज ८ गतेदेखि ११ गते भारी वर्षा र हिमपात हुनसक्ने भन्दै पूर्वतयारीसहित सर्तक रहन निर्देशन गरेसँगै सम्बन्धित सबै स्थानीय प्रशासनले उक्त समय जोखिम न्यूनीकरणका लागि पर्यटक तथा सर्वसाधरणलाई सूचित गराइसकेका छन् ।

वर्षा र हिमपातको पूर्व प्रक्षेपण तथा यात्रामा आउन सक्ने समस्या र कठिनाइलाई मध्यनजर गर्दै मुस्ताङमा न्यून सङ्ख्यामा मात्रै पर्यटक भित्रिएका जिल्ला प्रहरी कार्यालयले जनाएको छ । वर्षा र हिमपातको प्रक्षेपणसँगै बिहीबारदेखि बेनी-जोमसोम-कोरला सडकखण्डमा चार दिनसम्म रातिको समयमा सवारीसाधन सञ्चालन नगर्न म्याग्दी र मुस्ताङका स्थानीय प्रशासनले आग्रह गरेका छन् ।

प्रतिकूल मौसमका कारण हुनसक्ने सम्भावित जोखिमलाई मध्यनजर गरी आवागमन रोकिएपछि मुस्ताङमा पर्यटकको उपस्थिति कम देखिएको जिल्ला प्रहरी कार्यालय मुस्ताङका सूचना अधिकारी सन्तोष बस्यालले जानकारी दिए । मौसम प्रतिकूलताको सूचनालाई केन्द्रविन्दुमा राखेर यहाँ पर्यटक आगमन घटेको हुनसक्ने उनको भनाइ छ ।

केही दिनअघि औसत दैनिक चार हजारभन्दा बढी पर्यटक बेनी-जोमसोम सडकमार्ग हुँदै मुस्ताङ भित्रिने गरेकामा बिहीबारदेखि करिब २० प्रतिशत पर्यटक मात्र सडकमार्ग हुँदै मुस्ताङ भित्रिरहेका प्रहरी निरीक्षक बस्यालले जानकारी दिए ।

पर्यटकको उपस्थिति कम हुँदै गएपछि यहाँका होटलहरू प्रायः सुनसान बनेका छन् । यसैगरी मुक्तिनाथ मन्दिरमा समेत दर्शनार्थी नआउँदा सुनसान भएको मुक्तिनाथ विकास समितिका व्यवस्थापक दिनेश भुसालले बताए । उनका अनुसार रसुवा बाढीपछि गत साउनमा भन्दा भदौमा ४९ दशमलव ७८ प्रतिशतले पर्यटक घटेका प्रहरीको तथ्याङ्कमा देखिएको छ ।

यसैबीच रसुवामा बाढीपछि पोखरा-जोमसोम हवाई पनि उडान घटेको छ । विगतका वर्षहरूमा सोही समयमा दैनिक १० भन्दा बढी हवाई उडान हुने गरेकामा पछिल्लो एक महिनायता दैनिकी दुई-तीन उडान मात्र भइरहेका नागरिक उड्यन कार्यालयका प्रमुख विश्वराज शर्माले जानकारी दिए ।

रसुवा बाढी घटनापछि मुस्ताङ आउने पर्यटकले होटल बुकिङ रद्द गर्न तालेकाले त्यसको असर पोखरा-जोमसोम हवाई सेवामा परेको उनको भनाइ छ । बिहीबार हवाई सेवाअन्तर्गत निजी वायु सेवा कम्पनी तारा र समिट एयरले एकरएक उडान गरेकामा शुक्रबार मौसम प्रतिकूलताका कारण कुनै नभएको प्रमुख शर्माले जानकारी दिए ।

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: मदनकुमार श्रेष्ठ सम्पादक: जनक नेपाल